सांसदले आफूलाई लागेको कुरा ... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com





वर्ष २५ •अंक १७० •२०८० साल मंसिर १ गते शुक्रबार (17 November, Friday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।-


### छठ लगतै प्रदेश सरकारले गति लिने

# बारहबिघा सौन्दर्यकरण र रामजानकी स्टेडियम निर्माणको टेण्डर मंसिर भित्रै

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले चालु आर्थिक वर्षको विकास निर्माणका कार्यलाई तीव्रता दिने भएको छ । छठ पर्व लगतै रातो किताबमा प्रकाशित योजनाहरुको काम धमाधम थालिने मुख्यमन्त्री सरोज कुमार यादवले जनाएका छन् ।



चालु आर्थिक वर्षको ४ महिना बितिसक्दा पनि प्रदेश सरकारको काम सुरु भएको छैन् । आर्थिक वर्षको समाप्ति हुनलाग्दा उपभोक्ता र टेण्डरमार्फत काम हुँदा भुक्तानी समस्या, काममा अनियमितता, गुणस्तरमा समस्या आउने गरेको छ ।

'सबै मन्त्रालय मातहतको विकास निर्माण सम्बन्धी कार्यहरुको टेण्डर लगायतका प्रक्रिया छठको विदा लगतै सुरु हुनेछ' मुख्यमन्त्री यादवले भने, समयमै काम सम्पन्न गर्न र गुणस्तरको अनुगमन गर्न विशेष टोली गठन गरिने छ ।

मधेश प्रदेशको राजधानी जनकपुरधामको विकासलाई प्रदेश सरकारले विशेष प्राथमिकतामा राखेको उनले बताएका छन् । 'राजधानीसमेत रहेको धार्मिक एवं सांस्कृतिक नगरी जनकपुरधामको ऐतिहासिक बारहबिघा मैदान र रामजानकी स्टेडियमको काम तत्काल अगाडि बढाइने छ 'उनले भने, मंसिरमै टेण्डर गरी शिलान्यास गरिने तयारी भएको छ ।

बारहबिघा सौन्दर्यकरणका लागि प्रदेश सरकारले गत आर्थिक वर्षमा नै २० करोड रुपैयाँ बजेट विनियोजन गरेको थियो । तर त्यो काम हुन सकेन् । चालु आर्थिक वर्षमा प्रदेश सरकारले नै टेण्डर गरी सौन्दर्यकरणको काम गर्ने मुख्यमन्त्री यादवले बताए ।

बारहबिघाको सौन्दर्यकरणका लागि विस्तृत योजना प्रतिवेदन(डीपीआर)तयार भइसकेको छ । डीपीआर अनुसारको टेण्डर प्रकाशित भएपछि मात्र शिलान्यासको कार्य हुने उनले बताए ।

धार्मिक ग्रन्थहरुमा उल्लेख गरिए अनुसार सीता स्वयम्बर बारहबिघा(रंगभूमि) मैदानमा भएको थियो । रंगभूमि मैदानमा हरेक वर्ष विवाहपञ्चमी उत्सवको दिन स्वयम्बरको आयोजना गरिन्छ । रंगभूमि ठूलो क्षेत्रफल भएको मैदान रहे पनि पछि १२ बिघा क्षेत्रफल भएको अनुमान गर्दै त्यसको नाम नै बारहबिघा हुन गएको बताइन्छ ।

त्यसैगरि रामजानकी स्टेडियमको काम पनि चालु आर्थिक वर्षमा नै अगाडि बढाइने सरकारको तयारी छ । भारत सरकारले उपलब्ध गराएको १ अर्ब भारतीय रुपैयाँ पनि स्टेडियममा लगानी गर्न नेपालस्थित भारतीय दूतावासले सहमति दिइसकेको बताइएको छ ।

चालु आर्थिक वर्षमा नै मधेश प्रदेश सभाको भवन र प्रदेश सरकारको प्रशासनिक भवन (सचिवालय)को निर्माण पनि थालिने छ । प्रदेश सरकारको सचिवालयका लागि गुठी संस्थान मातहतको जनकपुरधामको पुलचोक नजिक रहेको (गढी) जग्गालाई छनोट गरिएको छ ।

प्रदेश सभाको भवन हालको प्रदेश सभा रहेको परिसर अथवा त्यससँगै रहेको गुठी संस्थानको जग्गामा निर्माण गरिने बताइएको छ । प्रदेशको स्थायी राजधानी जनकपुरधाम घोषणा भएसँगै सरकारले स्थायी संरचना निर्माणमा जोड दिएको छ ।

सत्तारुढ जनता समाजवादी पार्टी(जसपा)ले जनकपुरधामको विकासमा पर्याप्त बजेट लगानी गर्न सरकारलाई निर्देशन दिएको बताइएको छ । जसपाका अध्यक्ष उपेन्द्र यादवले जनकपुरधाममा लगानी गर्न प्रदेश सरकारलाई निर्देशन दिएकाले सरकार त्यसतर्फ अगाडि बढेको उर्जा, सिंचाई तथा खानेपानी मन्त्री सिंहासन साहले बताए ।

मधेश प्रदेशमा स्थापनाकालदेखि नै जसपाको सरकार छ । तर विकासका लागि जनतामाझ स्थापित हुन सकेको छैन् ।

दुधमती नदीको विकासलाई प्रदेश सरकारले प्राथमिकतामा राखेको छ । मुख्यमन्त्री यादवले ऐतिहासिक र सांस्कृतिक महत्व बोकेको दुधमती नदीको करिडोर बनाइने बताए ।

सरकारले गुठीको जग्गा संरक्षण गर्न प्रदेश मातहत दिनुपर्ने माग संघीय सरकारसित राखेको छ । प्रदेशमा भूमि व्यवस्था मन्त्रालय रहे पनि त्यो भूमिकाविहीन अवस्थामा छ । प्रदेश सरकारले संविधानले दिएको अधिकार संघीय सरकारले प्रदेशलाई दिनुपर्ने माग गर्दै आएको छ ।


खुशिको खबर ! खुशिको खबर !! खुशिको खबर !!!

कृष्णा मेडिकल एण्ड टेक्निकल रिसर्च सेन्टर (अस्पताल)

ब्रहमपुरी, जनकपुरधाम-९, धनुषा (नेपाल)

साबिकको जानकी मेडिकल कलेजको सिटी हस्पिटल भवनमा



डा. हेमन्त कुमार साह

एन.एम.सी.नं. १५०४०

एम.बि.बि.एस., एम.एस. (न्यूरोसर्जरी)

एम.सी.एच., न्यूरोसर्जरी (टि.यू., आई.ओ.एम.)

कन्सल्टेन्ट न्यूरोसर्जन

☞ यहाँ Brain तथा Spinal सम्बन्धित सबै शल्यक्रिया (Operation) आधुनिक मेशिनद्वारा गरिन्छ ।

☞ यहाँ २४ घण्टा ICU तथा Emergency सेवा उपलब्ध छ ।

१) टाउको दुख्नु (Migraine headache) अर्द्धकपारी
२) टाउको, ढाड, हात तथा खुट्टाको समस्या
३) नशा च्यापिनु
४) छारे रोग
५) हात, खुट्टा पोल्नु
६) हात, खुट्टा झमझम गर्नु र कामनु
७) रिंगटा लाग्नु
८) प्यारालाइसिस
९) हिडदा हुतिनु
१०) पक्षघात (Brain Haemorrhage, Brain Tumor)

टाउको तथा नाशामा चोटपटक लाग्नु सम्बन्धी सम्पूर्ण रोगको लागि एउटै गन्तव्य ।

सम्पर्क नं. ०४१-५९१०९२, ९८१४०२९७६९



# प्रतिबद्धताको २० प्रतिशत मात्रै भित्रियो

टुडे समाचारदाता

काठमाण्डु। चालु आर्थिक वर्षको तीन महिनामा प्रतिबद्धताको २०.३४ प्रतिशत मात्र प्रत्यक्ष विदेशी लगानी (एफडीआई) भित्रिएको छ। चालु आर्थिक वर्षको साउन, भदौ र असोजमा १६ अर्ब ६० करोड ४३ लाख रुपैयाँ प्रत्यक्ष विदेशी लगानी प्रतिबद्धता आएको हो । तर राष्ट्र बैंकको तीन महिनाको वित्तीय प्रतिवेदनअनुसार साउन, भदौ र असोजमा खुद ३ अर्ब ३७ करोड १० लाख रुपैयाँ एफडीआई भित्रिएको छ।

कुल ३ अर्ब ३७ करोड ८८ लाख रुपैयाँ विदेशी लगानी भित्रिए पनि ७८ लाख रुपैयाँ बाहिरिएकाले खुद विदेशी लगानी ३ अर्ब ३७ करोड १० लाख रुपैयाँ देखिएको हो । पछिल्लो समय प्रत्यक्ष विदेशी लगानी प्रतिबद्धता र भित्रिएको रकम हेर्दा प्रतिबद्धता आउने रकम मात्रै बढ्दो भए पनि भित्रिने रकम घट्दो क्रममा देखिएको छ।

आर्थिक वर्ष ०७७/७८ मा नेपालमा कुल १९ अर्ब ५१ करोड रुपैयाँ एफडीआई भित्रिएको थियो। आर्थिक वर्ष ०७८/७९ मा ५४ अर्ब १५ करोड रुपैयाँ एफडीआई प्रतिबद्धता आउँदा खुद प्रत्यक्ष विदेशी लगानी १८ अर्ब ५६ करोड ३ लाख रुपैयाँ भित्रिएको थियो। आर्थिक वर्ष ०७९/८० मा खुद ५ अर्ब ९६ करोड १३ लाख रुपैयाँ प्रत्यक्ष विदेशी लगानी भित्रिएको हो।

प्रतिबद्धता आएको सबै विदेशी लगानी सोही अवधिमा आउँछ वा आउनुपर्छ भन्ने नीतिगत व्यवस्था नरहेको सरोकारोवाला बताउँछन् । सरकारले विदेशी लगानी स्वीकृत गर्दा लगानीकर्तालाई चरणबद्ध रूपमा (किस्तामा) लगानी भित्र्याउने अनुमति हुन्छ । त्यसैले प्रतिबद्धता गरेको रकम सोही आर्थिक वर्षमा आउनुपर्छ भन्ने



नरहेको सरोकारवालाको भनाइ छ। विश्व अर्थतन्त्रमा देखिएको अनिश्चितताले पनि प्रत्यक्ष वैदेशिक लगानी बढ्न नसकेको नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक गुणाकर भट्टले बताए। 'रुस-युक्रेनको युद्धपछि प्रत्यक्ष वैदेशिक लगानी अन्तर्राष्ट्रियस्तरमै बढ्न सकेको छैन,' उनले भने, 'राष्ट्रिय अर्थतन्त्र पनि बिस्तार हुन सकेको छैन । विगतमा पूर्वाधार र औद्योगिक काम जुन गतिमा हुन्थ्यो, अहिले हुन सकेको छैन । बर्सेनि प्रतिबद्धता आउने तर कम रकम भित्रिने विषयमा राष्ट्रिय अर्थतन्त्रप्रति विदेशी लगानीकर्ताको छुट्टै अपेक्षा हुन सक्छ।।

तर त्यसको परिपूर्ति नहुँदा अपेक्षाकृत रूपमा लगानी आउन नसकेको हो । अन्तर्राष्ट्रिय प्रवृत्ति, आन्तरिक अर्थतन्त्रका कारण विदेशी लगानीमा सुस्तता आएको उनको भनाइ छ। 'आर्थिक क्रियाकलाप सुस्त छन्,' उनले भने, 'त्यसमाथि विदेशी लगानीकर्ताले राजनीतिक स्थिरता पनि चाहेका हुन सक्छन्। बाह्य कारणले पनि यसमा भूमिका खेलेको छ,' भट्टले भने।

अघिल्लो आर्थिक वर्षदेखि नै प्रत्यक्ष विदेशी लगानी कम भित्रिन थालेपछि सरकारले लचिलो नीति लिएको छ। गत आर्थिक वर्षमा विदेशी लगानीको न्यूनतम सीमा ५ करोडबाट २ करोडमा कायम गरिएको थियो । चालु आर्थिक वर्षको बजेटमार्फत वैदेशिक लगानीको न्यूनतम सीमा पुनरावलोकन गरी क्षेत्रगत रूपमा सीमा तोकिने जनाइएको छ।

सरकारले सूचना प्रविधि उद्योगमा वैदेशिक लगानीको सीमा हटाइने बजेटमा उल्लेख छ। पूर्वाधार आयोजनामा निजी पुँजी परिचालन गर्न स्वदेशी तथा विदेशी लगानीकर्ताको सहभागितामा पूर्वाधार फन्ड स्थापना गर्ने सरकारको योजना छ। वैदेशिक लगानी आकर्षित गर्न ०८० सालमा लगानी सम्मेलन आयोजना गरिने बजेट वक्तव्यमा उल्लेख छ। 'द्रुतमार्ग, सुरुङमार्ग, जलाशययुक्त जलविद्युत्लगायत सम्भाव्य ठूला परियोजनाको पहिचान तथा पूर्वतयारीका काम सम्पन्न गरी विदेशी लगानीका लागि प्रस्ताव आह्वान गरिनेछ,' बजेट वक्तव्यमा भनिएको छ, 'विदेशी लगानीकर्ताहरूका लागि विदेशी विनिमय जोखिम न्यूनीकरण गर्न हेजिङ गर्ने संस्था तोकी हेजिङ सेवा उपलब्ध गराइनेछ।' विदेशी लगानीकर्ताले लाभांश फिर्ता लैजाने प्रक्रियालाई सरलीकृत गर्नेसमेत सरकारले जनाएको छ।

०७८/७९ को अन्त्यसम्ममा कुल प्रत्यक्ष वैदेशिक लगानीको मौज्दात २ खर्ब ६४ अर्ब ३३ करोड कायम रहेको नेपाल राष्ट्र बैंकको प्रतिवेदनमा उल्लेख छ। ०७९ असार मसान्तसम्ममा नेपालमा ५७ देशको प्रत्यक्ष वैदेशिक लगानी भित्रिने गरेको विदेशी लगानीसम्बन्धी राष्ट्र बैंकको पछिल्लो अध्ययन प्रतिवेदनमा जनाइएको छ। नेपालमा सबैभन्दा बढी भारतबाट ८८ अर्ब ५९ करोड, चीनबाट ३३ अर्ब ४५ करोड, आयरल्यान्डबाट २० अर्ब ९० करोड, सिंगापुरबाट १६ अर्ब ७ करोड र सेन्ट किट्स एन्ड नेभिसबाट १५ अर्ब ९ करोड प्रत्यक्ष वैदेशिक लगानी छ,' प्रतिवेदनमा उल्लेख छ, 'नेपालमा रहेको प्रत्यक्ष वैदेशिक लगानीमध्ये ६२.६ प्रतिशत औद्योगिक क्षेत्रमा र ३७.३ प्रतिशत सेवा क्षेत्रमा देखिन्छ ।

औद्योगिक क्षेत्रअन्तर्गत जलविद्युत् क्षेत्रमा ३२.८ र उत्पादन क्षेत्रमा २९.५ प्रतिशत वैदेशिक लगानी छ। यसैगरी कुल प्रत्यक्ष वैदेशिक लगानीमध्ये २५.६ प्रतिशत सेवा क्षेत्रअन्तर्गत बैंक तथा वित्तीय संस्था र बिमा कम्पनीहरूमा छ।' प्रायः वर्षमा भित्रिने वैदेशिक लगानीको तुलनामा सोही अवधिमा नेपालबाट बाहिरिने लाभांशबापतको रकम धेरै रहँदै आएको थियो।

# चेम्बरद्वारा पूजा सामग्री वितरण

टुडे समाचारदाता

जनकपुरधाम । धनुषा चेम्बर अफ कमर्सद्वारा छठ व्रतालुहरुलाई छठ पूजा सामग्री वितरण गरिएको छ।



बिहीबार जनकपुरधाममा आयोजित एक कार्यक्रमकाबीच चेम्बरले १०१ जना गरिब तथा विपन्न महिलाहरुलाई छठ पूजाको सामग्री वितरण गरेको छ । कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोजकुमार साहले यस किसिमको धार्मिक तथा सामाजिक कार्यमा जनकपुरधामका प्रत्येक संघ संस्था र क्लबको अग्रसरता हुनु पर्ने बताए।

कार्यक्रममा धनुषा चेम्बर अफ कमर्सका अध्यक्ष विजय साहले जनपुरधाम उपमहानगरपालिका र प्रदेश सरकारले आफूलाई साथ दिए जनकपुरधामको आधा विकासको जिम्मा लिन चेम्बर तयार रहेको दाबी गरे।

कार्यक्रममा छठ व्रतालुहरुलाई तीन किलो घीउ, एक किलो चावल, एक किलो मिठ्ठा, एउटा नारियल, एउटा उखु र एउटा सारी प्रदान गरिएको चेम्बरका महासचिव कृष्णदेवमहतोलेबताए। कार्यक्रममा मधेश प्रदेश सभाका सांसद रामअशिष यादव, जनकपुरधाम उपमहानगरपालिकाका उपमेयर किशोरी साह, जनकपुरधाम बस व्यवसायी संघका अध्यक्ष मनोज चौधरी, प्रकाश चन्द्र साह, जनकपुरधामका पूर्व मेयर बजरंगसाहलगायतको उपस्थिति रहेको थियो।

# कलश यात्रा

टुडे समाचारदाता

बारा । निजगढमा कलश यात्रा निकालिएको छ। निजगढ नगरपालिका वडा नं.८ बकैया पुलस्थित सप्तऋषि धर्मशाला परिसरमा साम्ब पुराण ज्ञान यज्ञको अवसरमा बिहीबार कलश यात्रा निकालिएको छ।



बकैया नदीबाट धार्मिक विधि अनुसार कलशमा जल भरेर पूर्वपश्चिम राजमार्गको शहीद चोकसम्म पुगेर शोभा कलश यात्रा कथा वाचन स्थलसम्म पुगेर समापन भएको थियो।

श्रीराम प्रतिष्ठानको संयोजकत्वमा सप्तऋषि सेवा समितिको आयोजनामा भगवान् सूर्यको पूजा-आराधना, भजनकीर्तनसहितको साम्ब पुराण ज्ञान यज्ञको बुधबार साँझ आह्वान गरिएको थियो।

यज्ञमा विभिन्न स्थानबाट पण्डित तथा राष्ट्रिय ख्याति प्राप्त कलाकारहरुको सहभागिता रहने र यज्ञका अवसरमा ग्रह पूजालगायतका विभिन्न कार्यक्रम हुने समितिका अध्यक्ष विष्णु नेपालले जानकारी दिए।

# शुभकामना आदानप्रदान तथा चियापान



टुडे समाचारदाता

पर्सा। नेपाली काँग्रेस नगर कार्य समिती पोखरियाको आयोजनामा छठ पर्वको शुभ अवसरमा चियापान तथा शुभकामना आदानप्रदान कार्यक्रम पर्साको पोखरिया नगरपालिका वडा नं ४ मा सम्पन्न भएको छ।

कार्यक्रम पूर्व मन्त्री एवम नेपाली काँग्रेसका केन्द्रीय सदस्य सांसद अजय चौरसियाले शुभकामना दिँदै देशमा आर्थिक मन्दीले व्यापार व्यवसायको अवस्था जर्जर भएको उल्लेख गर्दै यस समस्याको समाधानबारे सबै सजग हुनुपर्ने धारणा राखे।

देशमा केही तत्वले आरजकता फैलाउँदै छन्, त्यस कारण गणतन्त्रको रक्षाका लागि एक जुट हुन आवश्यक रहेको उनले बताए।

उनले आफ्ना नेता कार्यकर्ताहरुलाई सचेत रही इमान्दार भइ पार्टी बलियो बनाउनेतर्फ लाग्न आग्रह समेत गरे।

कार्यक्रममा पूर्व मन्त्री सुरेन्द्र चौधरी, नेपाली काँग्रेस पर्सा सभापति एव प्रदेश सांसद जनार्दन सिंह क्षेत्री, प्रदेश सांसद श्याम पटेल, जिल्ला उपाध्यक्ष रामनारायण कुर्मी, अशोक गुप्ता, पटेर्वासुगौली गाउँपालिका अध्यक्ष दिनेश चौधरी, पोखरिया नगरपालिकाका पूर्व नगरप्रमुख दीपनारायण रौनियार, पटेर्वासुगौली गाउँपालिका उपाध्यक्ष ममता महतो, प्रदेश सदस्य शैलेन्द्र यादव, नेकपा माओवादी पोखरिया नगरकमिटि अध्यक्ष पन्नालाल पटेल, जसपाका केन्द्रीय सदस्य खलिल मियाँ, क्षेत्रीय सभापति श्रीकिसुन चौहान, प्रगास गिरीलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

# 'सरसफाइ सभ्यतासँग जोडिएको छ'

काठमाण्डु । 'परिवर्तनको गति बढाउँदै' भन्ने नारासहित नेपालसहित विश्व शौचालय दिवस २०२३ मनाउन लागिएको छ । सोही दिवसको सन्दर्भमा बिहीबार ललितपुरमा आयोजित पत्रकार सम्मेलनमा पूर्वमन्त्री एवम् नेकपा(माओवादी केन्द्र)का सचिव गणेश साहले मानिसको स्वास्थ्य आफू बस्ने वातावरणसँग अभिन्न रूपमा जोडिने भएकाले सरसफाइलाई उत्तिकै महत्त्व दिँदै आएको बताउनुभयो।

साहले सरसफाइ मानिसको सभ्यता र संस्कारसँग पनि जोडिएको बताउनुभयो। हरेक वर्ष १९ नोभेम्बरमा विश्वभर विभिन्न कार्यक्रममा साथ शौचालय दिवस मनाउने गरिएको छ। सन् २०१३ देखि सो दिवस मनाउन थालिएको हो। बढ्दो सहरीकरण र सार्वजनिक खुला स्थानको अभावले सहरी क्षेत्र वा बाक्लो मानवबस्ती भएका स्थानमा शौचालयको निर्माण र प्रयोग गर्ने चुनौती बढेर गएको छ।

मानव समुदायलाई मानवजन्य दिसापिसाबबाट उत्पन्न हुनसक्ने जीवाणुले ल्याउने रोगब्याधिबाट बचाउन शौचालय निर्माण गर्ने र प्रयोग गर्ने बानी विकसित गराउन संयुक्त राष्ट्रसङ्घले विश्व शौचालय दिवसका रूपमा मनाउने गरेको पूर्वमन्त्री साहले जानकारी दिनुभयो। यस वर्ष पनि संयुक्त राष्ट्र सङ्घको आह्वानमा १९ नोभेम्बरमा विश्वभर शौचालय दिवस मनाइँदै छ। यस वर्षको नारा 'परिवर्तको गति बढाउँदै' भन्ने तय गरिएको छ।

संयुक्त राष्ट्रसङ्घले सन् २०३० सम्म दिगो विकासका लक्ष्य हासिल गर्ने कार्यक्रम तय गरी कार्यान्वयन गरिरहेको छ । दिगो विकास लक्ष्यको छैठौँ लक्ष्यमा स्वच्छ खानेपानी र सरसफाइको विषय समावेश छ। तर २०३० सम्म सबैलाई स्वच्छ र सुरक्षित पानी पुऱ्याउने र पूर्ण रूपमा सरसफाइ हुने अवस्थामा पुऱ्याउने कार्यमा प्रगति भने सुस्तगतिमा भइरहेको छ। यसै तथ्यलाई मध्यनजर गर्दै राष्ट्रसङ्घले यस वर्षको नारा तय गरेको हो।

राष्ट्र सङ्घका अनुसार विश्वका साँढे तीन अर्ब मानिस अझै पनि शौचालयको सुविधाबाट वञ्चित छन् । त्यसमध्ये ४१ करोड ९० लाख मानिस त अझै पनि खुलास्थानमा दिसापिसाब गर्छन्। खुला दिसापिसाबका कारण फैलने रोगले दैनिक एक हजार बालबालिकाको मृत्यु हुने गरेको छ।

सुरक्षित शौचालय, पूर्ण सरसफाइ र सबैका लागि स्वच्छ पानीको लक्ष्य हासिल गर्न हामीसँग अब सात वर्षमात्र बाँकी छ। यो लक्ष्य हासिल गर्न हामीले अहिले गरेको कामको गति पाँच गुणा तीव्र बनाउनु आवश्यक रहेको इञ्जिनीयर रामदीप साहको भनाइ छ। नेपालले १९ असोज २०७६ मा खुला दिसामुक्त र पूर्ण सरसफाइमा अग्रसर राष्ट्र घोषणा गरेको छ। सरकारले सन् २०११ देखि हरेक जिल्लालाई खुला दिसामुक्त घोषणा गर्न थालेको थियो। सबैभन्दा पहिला कास्की खुला दिसामुक्त घोषणा भएको थियो । झण्डै नौ वर्षको अनवरत प्रयासपछि २०१९ को सेप्टेम्बर ३० मा यो उपलब्धि हासिल भएको थियो । नेपालमा पूर्ण सरसफाइको अवधारणालाई सन् २००० देखि राष्ट्रिय सरसफाइ सप्ताहका रूपमा कार्यान्वयनमा ल्याइएको थियो। सन् २००३ देखि समुदायको अगुवाइमा यो अभियान बढाइएको थियो।

सन् २००८ लाई संयुक्त राष्ट्रसङ्घले अन्तर्राष्ट्रिय सरसफाइ वर्षका रूपमा घोषणा गरेपछि यसले व्यापक जनजागरण ल्याएको तथ्य पेस गर्दै इञ्जिनीयर साहले सन् २०११ मा सरसफाइ गुरुयोजना नै बनाएर सरसफाइका सूचक र चरण निर्धारण गरिएको जानकारी दिनुभयो।

सोही गुरुयोजनाअनुसार आधारभूतस्तरको सरसफाइ सुनिश्चित गर्ने उद्देश्यले सन् २०१७ सम्म प्रत्येक घरमा चर्पी बनाउने अभियान सञ्चालन गरिएको थियो । नेपाललाई सन् २०१७ मा नै खुला दिसामुक्त राष्ट्र घोषणा गर्ने लक्ष्य दुई वर्ष ढिलो गरी २०१९ सेप्टेम्बर ३० मा हासिल हुनसक्यो । दक्षिण एशियाकै पहिलो खुला दिसामुक्त राष्ट्र बनेर नेपालले शौचालय निर्माणमा महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ।रासस

# तीन महिनामा ७३ करोडको दुग्धजन्य पदार्थको आयात

टुडे समाचारदाता

काठमाण्डु । चालु आर्थिक वर्षको तीन महिनामा ७३ करोड रुपैयाँको दुग्धजन्य पदार्थको आयात र ३ करोड रुपैयाँको निर्यात भएको छ । भन्सार विभागको तथ्याङ्क अनुसार दुग्धजन्य पदार्थमा ६९ करोड रुपैयाँ व्यापार घाटा देखिएको छ । सरकारले दुग्धजन्य पदार्थको आयात र निर्यात गर्दा २९ करोड रुपैयाँ राजस्व सङ्कलन गरेको छ।

विभागका अनुसार साउन, भदौ र असोज गरी तीन महिनामा ७३ करोड ६२ लाख १६ हजार रुपैयाँको दुग्धजन्य पदार्थ आयात भएको हो । भारत, जापान, मलेसिया, ओमन, चीन, डेनमार्क लगायत मुलुकबाट दुग्धजन्य पदार्थ आयात गरिएको छ। बटर, चिज, घ्यू, धुलो दूध लगायत दुग्धजन्य वस्तु भित्र्याएको विभागको तथ्याङ्क छ।

तीन महिनाको अवधिमा बटर, घ्यू लगायत वस्तु निर्यात गरिएको छ । भारत, जापान, अमेरिका लगायत मुलुकमा ३ करोड ७२ लाख ९६ हजार रुपैयाँको ती वस्तु निर्यात भएको हो।

# मालीमा तैनाथ शान्ति सेना स्वदेश फिर्ता

काठमाण्डु । संयुक्त राष्ट्रसङ्घको आह्वानमा शान्ति स्थापनार्थ मालीमा तैनाथ नेपाली शान्ति सेनाको नवौं डफ्फा स्वदेश फर्केको छ। डफ्फामा ८१ जना नेपाली शान्ति सैनिक रहेको नेपाली सेना सैनिक जनसम्पर्क निर्देशनालयले जनाएको छ। प्रमुख सेनानी चित्रकुमार कार्कीको नेतृत्वमा हातहतियार तथा बन्दोबस्तीका सामग्रीसहित संयुक्त राष्ट्रसङ्घको चार्टर्ड विमानद्वारा आज ८१ जनाको डफ्फा स्वदेश फिर्ता भएको हो।

मालीमा तैनाथ शान्ति मिसन बन्द गर्ने संयुक्त राष्ट्रसङ्घको निर्णयअनुरुप नेपाली सेनाको टोलीमा रहेका एक सय ५६ जना एवं स्टाफ तथा पर्यवेक्षक नियुक्तिमा कार्यरतसमेत एक सय ६८ जना सकल दर्जा स्वदेश फिर्ता हुने क्रममा पहिलो टोली आज नेपाल आइपुगेको हो।

नेपाल संयुक्त राष्ट्रसङ्घको शान्ति स्थापनाका लागि विश्वभर तैनाथ मिसनममा फौज उपलब्ध गराउने सदस्य राष्ट्रको दोस्रो वरियतामा रहेको छ।रासस

# जुवातास खेल्ने एक सय पैसट्ठी पक्राउ, पैतिस लाख बरामद

काठमाण्डु। तिहारमा तास, लङ्गुरबुर्जा र जुवा खेलेको अभियोगमा एक सय ६५ जनालाई पक्राउ गरिएको छ। प्रहरीले उनीहरुका साथबाट रु ३४ लाख ६२ हजार आठ सय ८५ बरामद गरेको छ।

यही कात्तिक ११ गतेदेखि आज बिहानसम्म काठमाडौंका १३, ललितपुरका चार र भक्तपुरका दुई स्थानबाट जुवातास खेलिरहेको अवस्थामा उनीहरुलाई प्रक्राउ गरिएको काठमाडौँ उपत्यका प्रहरी कार्यालयले जनाएको छ। प्रहरीले ६९ बुक तास, रु बीस हजारको एक थान चेकसमेत बरामद गरेको छ।

सोही अवधिमा प्रहरीले पटका बेचेको अभियोगमा आठ जनालाई नियन्त्रणमा लिएको थियो। उनीबाट विभिन्न प्रकारका ३० हजार थान पटका बरामद गरिएको थियो। उक्त अवधिमा काठमाडौँ उपत्यकामा १४ स्थानमा आगलागी भएको र त्यसबाट रु आठ करोड ७७ लाख ४५ हजार बराबरको क्षति भएको थियो।रासस

## भूलसुधार

श्री के.एस.एच.एस.बी. माध्यमिक विद्यालयको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकाको मिति २०८०/०७/१७ गते प्रकासित अंकको पृष्ठ ७ मा छापिएको सुचनामा शिक्षक आवश्यकता हुनुपर्नेमा कर्मचारी आवश्यकता हुन गएकोले भूलसुधार गरिएको छ।प्रकाशक

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : धन वृद्धि सञ्चय। |
| बृष | : बौद्धिक क्षमता। |
| मिथून | : पारिवाहिक सुख। |
| कर्कट | : नयाँ कार्य हुने। |
| सिंह | : सुख समृद्धि हुने। |
| कन्या | : प्रेम प्रसंग, मित्र सुख। |
| तुला | : पुरस्कार प्राप्त लाभ। |
| वृश्चिक | : प्रतिभा सम्पन्नता। |
| धनु | : अवसर प्राप्त। |
| मकर | : भ्रमण अवसर हुने। |
| कुम्भ | : वाद विवादबाट बच्नु। |
| मीन | : शिक्षामा उन्नति। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



स्थानीयहरुले आफ्नो लगानीमा काठेपुल निर्माण गरेपछि धनुषा र सिरहा जोड्ने कमला नदीमा सर्वसाधारण आवतजावत गर्दै । *तस्बिर : रासस*

# छठमा कृषिजन्य उत्पादनको महत्व

जनकपुरधामामिथिलाञ्चलसहित तराई-मधेशमा विशेष महत्त्वका साथ मनाइने छठ पर्वमा कृषिजन्य वस्तुको विशेष महत्त्व छ। शुद्धतामा विशेष ध्यान दिइने यो पर्वमा कृषि उपजलाई प्रसादका रूपमा लिइन्छ भने केहीलाई वर्जित गरिएको छ। नरिवल, टापनिम्बु, स्याउ, उखु, मुला, बेसारको झार, अदुवा, शकरकन्दसहित विभिन्न स्थानीय कृषि उत्पादनलाई प्रसाद सामग्रीको रूपमा चढाइन्छ भने लसुन, प्याज, कोदो, मसुरीसहितका वस्तु वर्जित छ।

पछिल्लो समय काठमाडौं उपत्यका र अन्य पहाडी तथा हिमाली क्षेत्रमा पनि मनाउन थालिएको छ। छत्तीस घण्टासम्म पानी पनि नखाएर व्रत बस्ने यस पर्वमा अस्ताउँदो र उदाउँदो सूर्य देवतालाई अर्घ्य दिइन्छ भने छठी माताको पूजा आराधना गरिन्छ। कामख्या परिवार नेपालका अध्यक्ष बाबा विभाष लाभका अनुसार प्रकृति र शक्तिका स्वरूप मानिने सूर्य देवताको पूजा गरी मनाइने महत्त्वपूर्ण पर्व छठको पनि विशेष महत्त्व र महिमा रहेको छ। सूर्यको पूजा गरी मनाइने पर्वमध्ये छठ महत्त्वपूर्ण मानिन्छ।

यो पर्व चार दिनसम्म मनाइन्छ। पहिलो दिन अर्थात् चतुर्थीको दिनलाई 'अरवा-अरबाइन' वा नहाए खाए भनिन्छ। यस दिन व्रती सर्वप्रथम स्नान गरी भोजनमा माछामासु, लसुन, प्याज, कोदो, मसुरीसहितका वस्तु परित्याग गरी शुद्ध र पवित्र भोजन गरी व्रतको सुरुवात गर्ने गर्छिन्। दोस्रो दिनको विधिलाई खरना भनिन्छ। यस दिन व्रती बिहानैदेखि निर्जला व्रत बसी साँझ गाईको गोबरले लिपपोत गरी अरबा चामलको पिठोको घोलले भूमि सुशोभित गरिन्छ। अनि चन्द्र दर्शनपछि माटोको नयाँ चुलो र भाँडावर्तनमा सख्खर, दूध र चामलको खीर बनाएर केराको पातमा राखी कुलदेउता स्थापित कोठामा छठी मातालाई चढाइन्छ।

यसपछि व्रती र परिवारका सदस्य खीर प्रसादको रूपमा ग्रहण गर्ने गर्छन्। त्यसपछि सुरु हुन्छ, व्रतीहरुको ३६ घण्टाको कठोर उपवास। कात्तिक शुक्ल चतुर्थीदेखि सप्तमीसम्म चार दिवसीय रूपमा मनाइने पर्वमा व्रतीले निर्जल उपवास बस्नुपर्दछ। यस पर्वको महत्त्वपूर्ण तेस्रो दिन अर्थात् षष्ठी तिथि हो। यस दिन प्रसादका रूपमा बनाइएको ठकुवा, भुस्वा, पुरी कचवनिया र फलफूलसहितका प्रसाद सामग्री लिएर सरोबर, नदीनाला तथा पोखरी, घाट पुऱ्याइन्छ। नरिवल, टापनिम्बु, स्याउ, उखु, मुला, बेसारको झार, अदुवा, शकरकन्दसहित विभिन्न स्थानीय कृषि उत्पादनसमेत प्रसाद सामग्रीको रूपमा चढाइने भएकाले यसलाई कृषिको पूजाका रूपमा समेत लिइन्छ। स्थानीय कृषिजन्य उत्पादनहरू सूर्यदेवतालाई चढाउँदै



धन्यवाद दिने र पुनः सफल कृषि उत्पादनको कामना पनि यस पर्वमा हुनेगर्छ।

सम्पूर्ण सामग्रीसहित पोखरी र सरोबर घाट पुगेका व्रतालु साँझ द्वीप, धूप, अगरबत्ती प्रज्वलित गरी सूर्य देवता र छठि माताको पूजाआराधना गरी राति पोखरी घाटमै जाग्राम बस्ने गर्दछन्। स्थानीयरूपमै माटोले बनाइएको नयाँ घैलो, हाँथी, कोसिया कुरबार, बाँसले बनाइएको कोलसुप, सुपा, ढकिया, चङ्गेर ासहितमा प्रसाद राखी जम्मा भएका व्रतालुले जलाशयको दृश्य मनमोहक बनाइएको हुन्छ। अस्ताउँदो सूर्यलाई अर्घ्य दिँदा व्रती दुवै हातमा चालमको घोल र सिन्दुर लगाएर अक्षता र फूलसहित पालैपालो अर्घ्य सामग्री सूर्यदेवता समक्ष अर्पण गरिन्छ।

खरनाका राति भक्तजन जलाशय घाटमै प्रसादको सुरक्षाका लागि छठिमाता पूजाको गीत र सांस्कृतिक कार्यक्रम गरी जाग्राम बस्ने गर्दछ। पर्वको चौँथो तथा अन्तिम दिनलाई पारन भनिन्छ। यस दिन व्रती बिहान सूर्य उदाउँने वित्तिकै जलाशयमा स्नान गरी उदाएको सूर्यदेवतालाई अर्घ्य दिएपछि छठ विधिवत् रूपमा सम्पन्न हुन्छ।

सूर्यको उपयोगी किरणको अभावबाट हुने कुष्ठरोगसहितबाट रोग ब्याधिबाट मुक्तिका लागि पनि यो पर्व विशेष महत्त्व रहेको ज्योतिष राकेश साहले बताउनुहुन्छ। जानकार एवं विज्ञ डा विनोद साहका अनुसार व्यावहारिक रूपमा कठिन पूजा मानिने छठी पूजाको सुरुवात पाटलीपुत्र वर्तमान भारतको पटना भन्ने स्थानबाट मगध राजाको शासनकाल १३०० देखि १५०० विसीमा भएको मानिन्छ।

यस पर्वको सुरुवातको विषयमा विभिन्न किम्बदन्ती पनि रहेको छ। सूर्य पुराणमा कात्तिक शुक्ल षष्ठीका दिन सर्वप्रथम अत्रिमुनिक पत्नी सती अनुसुया समृद्धि र दाम्पत्य प्रेमप्रति श्रद्धा प्रकट गर्न षष्ठी व्रत बसेकी थिइन्। अर्को धार्मिक मान्यताअनुसार द्वापरयुगमा पाण्डव अज्ञातबासमा रहँदा द्रौपदी अज्ञातबासको सफलताका लागि सूर्यदेवको आराधना गर्दै षष्ठी व्रत गर्नुभएको जानकार डा सुरेन्द्र लाभले बताउनुभएको छ। त्यही ' षष्ठी' शब्द रुपान्तरण हुँदै छठी, छठ, छइठ भएको जानकार बताउँछन्।

यो पर्व विशेष गरी महिलाले मनाए पनि पुरुषको भूमिका पनि महत्त्वपूर्ण र सहयोगीका रूपमा देखिन्छ। सरसमान र प्रसाद सामग्री पुरुषले बोक्ने र पोखरीसम्म पुऱ्याउने गरेकाले यसले परिवारमा स्नेह बढ्ने विश्वास पनि गरिन्छ। यस पर्वमा प्रयोग हुने सम्पूर्ण सामग्री नयाँ हुनुपर्दछ। जानकार एवं पण्डित कुशेश्वर उपाध्यायले भन्नुभयो, "वर्षमा दुई पटक गर्मीमा अर्थात् चैतमा मनाइने छठलाई चैती छठ र जाडोमा मनाइने छठलाई कार्तिक छठ भनिन्छ।" कार्तिकमा मनाइने छठ चैतमा मनाइने छठभन्दा लोकप्रिय मानिन्छ। बिना भेद्भाव सबै जाति र समुदाय पोखरी, नदी र जलाशयको घाटमा जम्मा भई सँगसँगै सूर्य देवताको पूजा गर्ने परम्परा रहेको यो पर्व साम्प्रदायिक सद्भाव, धार्मिक सहिष्णुता र मेलमिलापको सङ्गम सावित हुनुभएको जानकार डा राजेन्द्र विमलले बताउनुभयो। रासस

# सूर्य उपासनाको पर्व 'छठ'

महोत्तरी । सूर्य उपासनाको महापर्व छठ व्रतको तयारी थालिएको छ। मधेशको प्राचीन मिथिला क्षेत्रको लोकपर्व मानिने छठका लागि वर्तालुले आज कात्तिक शुक्ल त्रितीयाका दिन 'अरबा-अर्बाइन' विधिसँगै तयारी थालेका हुन्। सामान्यतया कात्तिक शुक्ल चौथीका दिन 'नहाय-खाय' विधिबाट पर्व सुरु हुने भनिए पनि एक दिनपूर्व नै उसिनिएका धानको चामल, कोदो, माछा-मासु, मुसुरोसहितका धार्मिक अनुष्ठानका लागि अशुद्ध मानिएका खाद्यबस्तु खान छाडेर वर्तालुले छठको तयारी गर्ने चलन छ। मिथिलामा व्रतका लागि उसिनिएको धानको चामल र व्रत अनुष्ठानका लागि अशुद्ध मानिएका खाद्य वस्तु खान छाडेर सात्विक भोजन गरिने यो विधिलाई 'अरबा-अर्बाइन' भनिन्छ। यो व्रतका लागि पूर्वसङ्कल्प जस्तै विधि रहेको मानिन्छ। यो विधि कतिपयले चौथिकै दिन 'नहाय-खाय' विधिसँगै जोडेर गर्नेगरेका पनि पाइन्छ।

यद्यपि व्रत विधानले कात्तिक शुक्ल तितृीयाकै दिन 'अरबा-अर्बाइन' गरिनु शास्त्रसम्मत रहेको मैथिल कर्मकाण्डका ज्ञाता बर्दिबास-२ का बासिन्दा पण्डित महेशकुमार झा बताउनुहुन्छ। आजदेखि 'अरबा-अर्बाइन' गरेका वर्तालुले भोलि शुक्रबार अर्थात् चौथी तिथिमा 'नहाय-खाय' (पवित्र स्नान गरेर शुद्ध खानेकुरा खाइने), पञ्चमी तिथिका दिन राति एक छाकमात्र अलिनो खानेकुरा खाएर 'खरना' विधि सम्पन्न गर्छन्। पर्वको मुख्य दिन षष्ठी तिथिमा निराहार व्रत बसेर साँझपख पवित्र जलाशयमा गई अस्ताउँदा सूर्यलाई अर्घ्य दिइन्छ। यो अर्घ्यलाई मैथिल परम्पराको



बोलीचालीमा 'सझुका अरख' र 'सझिँया-घाट' पनि भनिन्छ। सप्तमीका दिन बिहान उदाउँदा सूर्यलाई अर्घ्य दिएपछि यो पर्व समापन गरिने परम्परा छ। बिहानको यो अर्घ्यलाई 'भोरका अरख' भनिन्छ। यसरी यसपालिको छठ आउने सोमबार बिहान सम्पन्न गरिने छ।

सामान्यतया हिन्दू परम्परामा पाञ्चायन (पञ्च देवता गणेश, विष्णु शिव, सूर्य र काली) पुज्दा उदाउँदा सूर्यको सम्झना गरेर उपासना गरिने परम्परा भए पनि छठमा भने अस्ताउँदा सूर्यलाई अग्र (पहिलो) अर्घ्य दिइन्छ। षष्ठी तिथिका दिन साँझ 'सझुका अरख' दिएसँगै सप्तमीका दिन बिहान 'भोरका अरख' दिउञ्जेल वर्तालुले सूर्यको महत्ता र 'छठी माई'को पुकारा गर्दै गीत गाएर यो पर्व मनाउने गरेका छन्। उपासकको इच्छित मागपूर्ति गर्ने भगवान् सूर्यको उपासनाले सन्तान सुख र रोगव्याधि नलाग्ने हिन्दू मैथिल जनविश्वास छ।

यस पर्वमा भगवान सूर्यसँगै माताका रुपमा आराधना गरिने षष्ठी तिथिको महत्ता गाइने हुनाले पर्वको नाम नै 'छठ' भनिएको महोत्तरीको मटिहानीस्थित याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापिठका मैथिली भाषा साहित्यका उपप्राध्यापक मनोज झा मुक्ति बताउनुहुन्छ। षष्ठी देवी भगवान सूर्यकी पत्नी मानिएकी हुँदा यो पर्वमा सूर्यसँगै षष्ठीको आराधना गरिएको मुक्तिको भनाइ छ। खासमा 'षष्ठी' तिथिकै स्मरण मैथिल जनजिब्रोले 'छठी' गर्न थालेकाले सूर्यकी पत्नी मानिने षष्ठीको आराधना सूर्यसँगै गरिएको मैथिल विद्वान बताउँछन्। मुख्यत सूर्यकै उपासना व्रतको अभिष्ठ भए पनि 'षष्ठी' (छठी) को पुकारा गर्दा सूर्य चाँडै प्रसन्न हुने विश्वासले पर्वमा गाइने गीतमा छठी माईको प्रसङ्ग गाभिएको उपप्राध्यापक मुक्ति बताउनुहुन्छ। एक फरक प्रसङ्गमा दैत्यराज त्रिपुरासरले दुःख दिएर आहत् भएका देवताले शिव-पार्वतीसँग उसलाई मार्नसक्ने छोरा दिन प्रार्थना गरेपछि भगवान शिवको विर्यपात भएको र सो विर्य समुद्रमा परेर पानीमै विकास भएको शिशुलाई षष्ठी देवीले कात्तिक शुक्ल षष्ठी तिथिकै दिन स्याहार सम्भार गरेर शिव-पार्वतीलाई जिम्मा लगाएकी जनश्रुतिले सन्तानको कल्याण गर्ने देवीका रुपमासमेत यस पर्वमा छठी माईको महत्व गाइने गरिएको छ। पछि यिनै बालक स्वामी कार्तिकेयका नामले चिनिएका र उनैले त्रिपुरासुरको बध गरेका मार्कण्डेय पुराणमा उल्लेख रहेको मिथिला संस्कृति र परम्पराका ज्ञाता पूर्वप्रशासक जलेश्वर-४ का बासिन्दा कृष्णचन्द्र झा बताउनुहुन्छ।

यसैगरी पर्वबारे द्वापरकालीन जनश्रुति पनि चर्चामा रहने गरेको छ। अघि द्वापर युगमा भगवान श्रीकृष्णका छोरा साम्बलाई कुष्ठरोग हुँदा पिता श्रीकृष्णको प्रेरणाले सूर्यको उपासनाबाट रोग निको भएपछि यो व्रतको परम्परा सुरु भएको विश्वास गरिँदै आइएको महोत्तरीकै बर्दिबास-२ का बासिन्दा कर्मकाण्ड र मैथिल परम्पराका ज्ञाता पण्डित महेशकुमार झा बताउनुहुन्छ। पर्वमा श्रद्धा र निष्ठाको निकै ख्याल गरिन्छ। अर्घ्य दिने पूजा सामग्रीमा बनाइने ठकुवा, भुसुवासहितका मिष्टान्न परिकार ढिँकी-जाँतोमा कुटिएको, पिसिएको पिठोबाटै तयार गरिन्छ। पर्वमा अर्घ्य दिने पवित्र जलाशय किनारमा चित्ताकर्षकघाट बनाइने र सरसफाइ गरिने कामलाई महत्वका साथ लिने गरिएको छ। रासस

# तिहारमा मुलुकभर आपराधिक घटना सामान्य : नेपाल प्रहरी

काठमाण्डु । नेपाल प्रहरीले तिहारमा छिटफुट घटना बाहेक समग्रमा मुलुकभरको आपराधिक घटना सामान्य रहेको जनाएको छ । केन्द्रीय प्रहरी प्रवक्ता कुबेर कडायतका अनुसार तिहारमा विगतको तुलनामा कम आपराधिक घटना भएका छन् तर सडक दुर्घटना भने केही बढेका छन्।

"समग्रमा तिहारभर आपराधिक घटना सन्तोषजनक रह्यो। छिठफुट घटना भए पनि विगतका जस्तो ठूलो 'ग्याङ फाइट' भएको छैन। सडक दुर्घटना चाँहीं केही बढेको अनुमान गरिएको छ, केही दिनभित्रै त्यसको यकिन तथ्याङ्क सार्वजनिक गरिनेछ", उहाँले भन्नुभयो।

तिहारको समयमा देशभर सडक दुर्घटना बढेको प्रहरीको अनुमान छ। दीपावलीमा केही ठूला आगलागीका घटना पनि भएका छन्। विगतका वर्षमा भन्दा यसवर्ष बढी जुवा तास खेल्ने पक्राउ परेका छन्। प्रवक्ता कडायतले तिहार बिहीबारसम्मै भएको र देशभरबाट तथ्याङ्क सङ्कलनको कार्य भइरहेकाले एक/दुई दिनभित्रै तिहारको घटनाको विवरण आउने अपेक्षा गर्नुभयो। रासस

# बाँसका सामग्री बनाउन डोम समुदायलाई भ्याइ नभ्याई



जलेश्वर । छठ पर्व आउन चार दिन बाँकी रहँदा डोम समुदायमा उल्लास छाएको छ। उनीहरु डालो, नाङ्लो र टालु टपरी बनाउन व्यस्त छन्। मनरासिस्वा नगरपालिकाका ५० वर्षीय बिजु डोमले भन्नुभयो "जीवनका हरेक दुःख विर्सेर मिठो मसिनो खाने र राम्रो लगाउने पर्व छठ हो।" छठ पर्वमा विभिन्न परिकार पकाएर खाने गरेको सोही ठाउँ बस्ने ६० वर्षीया मालती डोमिनले बताउनुभयो।

गौशाला नगरपालिकाकी ५५ वर्षीया केवली डोमिनले भन्नुभयो, " कात्तिक लाग्ने वित्तिकै बिहानदेखि बेलुकासम्म डालो, नाङ्लो र टालुटपरी बनाउनमा तल्लीन हुन्छौं। यी वस्तु बजारमा बेच्दा मनग्य आम्दानी हुन्छ।" छठपर्व मनाउनेले छठमाता तथा सूर्यदेवलाई बाँस र बेतकै चोयाबाटै बनाइएका डालो, नाङ्लो र टालुटपरीमा अर्घ दिनुपर्ने भएकाले प्रत्येक परिवारमा पाँच/सात बाँसबाट बनेका सामग्री आवश्यक पर्ने जनाइएको छ। सम्सी गाउँपालिकाका ६० वर्षीय बुधो डोमले छठ पर्वका लागि बाँस सामग्रीका बनाउने गरेको बताउनुभयो। जलेश्वर नगरपालिकाका रामजी डोमले डालो, नाङ्लो र टालुटपरी बेचेर वर्षभरिकै लागि खर्च जोहो गर्ने गरेको बताउनुभयो।

त्यसैगरी जिल्लाको भङ्गहा नगरपालिकाका सिरिया डोमले घरका बालकदेखि बुढासम्मले डालो नाङ्लो बेचेर प्रतिव्यक्ति ४० देखि ५० हजार र प्रत्येक परिवारले दुई/तीन लाखको हाराहारीमा आम्दानी गर्ने गरेको बताउनुभयो।

अहिले जिल्लाको प्रत्येक पालिकाको गाउँ गाउँमा डोम जातिका प्रत्येक घरमा बाँस र बेतको थुप्रो राखिएको छ भने परिवारका सबैले बाँस र बेतका चोयाबाट सामग्री बनाउन व्यस्त देखिन्छन्।

दिनदिनै छठपर्व मनाउने व्यक्तिको सङ्ख्यामा वृद्धि हुँदै जाँदा प्रत्येक व्यक्तिलाई बाँसको भाँडाकुडा पुऱ्याउन डोम जातिलाई सकस भएको छ भने डोम परिवारलाई ती सामग्री बनाउन अहिलेदेखि भ्याइनभ्याइ भएको छ। तराई- मधेशमा बेतबाट बनेको सामग्री किन्नेको भीडभाड रहेको छ। रासस

# दुर्घटनामा दुईजनाको मृत्यु

इनरुवा । सुनसरीमा भएका छुट्टाछुट्टै दुर्घटनामा दुई जनाको मृत्यु भएको छ।

धरान उपमहानगरपालिका-६ मालपोत चोकमा गए राति भएको दुर्घटनामा एक जनाको मृत्यु भएको छ भने तीन घाइते भएका छन्। मृत्यु हुनेमा मोरङको केराबारी गाउँपालिका-५ का ३४ वर्षीय पदमबहादुर लिम्बू रहेको प्रहरी नायब उपरीक्षक नवीनकृण भण्डारीले जानकारी दिनुभयो। दुर्घटनामा सोही ठाउँका २३ वर्षीया जेनिशा मगर, ४५ वर्षीया अञ्जना मगर र २४ वर्षीया रविना मगर घाइते भएका छन्।

को२ह ५५६५ नंको टेम्पो अनियन्त्रित भई दुर्घटना भएको प्रहरीले जनाएको छ। दुर्घटनामा घाइते चारै जनालाई उपचारका लागि बिपी कोइराला स्वास्थ्य प्रतिष्ठान धरान लगिएकामा लिम्बूको उपचारका क्रममा मृत्यु भएको हो। फरार भएका टेम्पोका चालकको प्रहरीले खोजी गरिरहेको छ।

त्यसैगरी मोटसाइकलले ठक्कर दिँदा गम्भीर घाइते भएका सुनसरीको इनरुवा-३ का ६० वर्षीय बालकुमार खतिवाडाको बुधबार निधन भएको छ। बा२७प ८७०१ नंको मोटरसाइकलले उनलाई ठक्कर दिएको हो। खतिवडाको विराटनगरस्थित नोबेल अस्पतालमा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रहरी नायब उपरीक्षक भण्डारीले जानकारी दिनुभयो। रासस


## नाम परिपर्तन गरिएको सूचना

यस प्रा.लि. को मिति २०८०/०६/१५ को साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी गुरुकुल एकेडमी धनुषा प्राइभेट लिमिटेडको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्होर्नु पर्ने कर दायित्व आदी परिवर्तित नामको नेक्सस सेकेण्डरी इंग्लिस बोर्डिङ स्कूल प्राइभेट लिमिटेडले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएकोले सम्बन्धी सबैको जानकारीको निमित्त यो सूचना प्रकाशित गरिएको छ।

**सूचनाकर्ता:**

**नेक्सस सेकेण्डरी इंग्लिस बोर्डिङ स्कूल प्रा.लि.**

**जनकपुरधाम उ.म.न.पा.-१०, धनुषा**



## सारा बचत तथा ऋण सहकारी संस्था लि.

रामानन्द चौंक, जनकपुरधाम -९

फोन नं.०४१-५२२९५६, ५२६९५६, मो नं.९७४८३८७९५६

## २२ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना निमन्त्रणा

**समस्त शेयरधनी महानुभावहरू १**

मिति २०८०/०७/१० मा बसेको संचालक समितिको २५५ औं बैठकको निर्णय अनुसार संस्थाको २२ औं वार्षिक साधारण सभा देहाय बमोजिमको कार्यसूचि, मिति, स्थान तथा समयमा बस्ने भएको हुंदा अनिवार्य उपस्थितिको लागि अनुरोध गर्दछौ साथै सो दिन पहिचानको लागि आफ्नो बचत बुक, परिचय पत्र वा शेयर प्रमाण-पत्र मध्ये कुनै एक साथै ल्याउन हुन अनुरोध छ।


**कार्यसूचिहरू**

(क) आ.व.२०७९/०८० वार्षिक प्रतिवेदन सम्बन्धमा।
(ख) आ.व.२०७९/०८० लेखा परिक्षण प्रतिवेदन सम्बन्धमा।
(ग) आ.व.२०८०/०८१ को वार्षिक बजेट तथा कार्यक्रम सम्बन्धमा।
(घ) लेखा-सुपरीवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा।
(ङ) आ.व. २०८०/०८१ का लागि लेखापरीक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारण सम्बन्धमा ।
(च) संचालक समितिको निर्णय अनुमोदन सम्बन्धमा।
(छ) साधारण सभाको निर्णय प्रमाणित गर्ने प्रतिनिधि छनौट सम्बन्धमा।
(ज) शेयर लाभांश र संरक्षित पुजी फिर्ता कोषको रकम वितरण सम्बन्धमा।
(झ) संस्थाको अधिकृत र जारी शेयर पुजि सम्बन्धमा।
(ञ) विनियम तथा कार्यविधि संशोधन सम्बन्धमा।

**कार्यक्रम**

**मिति** :- २०८० साल मंसिर १६ गते शनिवार, समय : विहान १०:३० वजे।
**स्थान** :- रौनियार अतिथि सदन, जनकपुरधाम-४

**राधा प्रसाद यादव**
**(अध्यक्ष)**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# सवारी दुर्घटना

नेपालमा हरेक वर्ष दशैं , तिहार र छठ पर्वको क्रममा सवारी दुर्घटना बढेको देखिन्छ ।अन्य समयको भन्दा पर्वत्यौहारको बेला दुर्घटना बढेको ट्राफिक प्रहरीको तथ्यांकले देखाउँछ ।पर्वत्यौहार मनाउन विभिन्न स्थानमा कार्यरत रहेका मानिसहरु प्रायःआ-आफ्ना घर फर्किने गर्छन् ।घर फर्किने क्रममा उनीहरुले निजी सवारी साधनको प्रयोग पनि प्रशस्तै गरेको देखिन्छ ।निजी सवारी साधन चलाउनु दुर्घटनाको कारण मात्र होइन् ।सवारी चलाउँदा हतार गर्नु र लापरबाही दुर्घटनाको प्रमुख कारण हो ।दुर्घटनामा अंगभंग र ज्यान गुमाउनेको संख्या पनि बढेको देखिन्छ ।उल्लासका साथ पर्व त्यौहार मनाउने बेला दुर्घटनाको कारण सम्पूर्ण परिवार तनावमा पर्छन् ।खुशीको वातावरण बिग्रेर परिवारका सदस्यहरु पीडामा पर्छन् ।दुर्घटनाको सर्वाधिक कारण चालकको लापरबाही हो ।नियन्त्रण भन्दा बाहिर जान सक्ने अवस्थाबारे बुझ्नै पर्छ ।सवारी चलाउँदा चालकले उच्च सतर्कता अपनाउनु आवश्यक छ ।चालकले सावधानी नअपनाउँदा दुर्घटना हुने उच्च जोखिम रहने गरेको छ ।सवारी साधन चलाउँदा चालक पूर्ण रुपमा तनाव र नसामुक्त हुनुपर्छ ।सवारीको गति र सडकको अवस्थालाई नै चालकले ध्यान दिनुपर्छ ।सवारी साधन अनियन्त्रित रुपमा गुड्न थालेपछि दुर्घटनालाई अस्वभाविक हुँदैन् ।मोटरसाइकल नै एकआपसमा ठोक्किने गरेको छ ।त्यसमा प्रायःजसो जीवनको क्षति हुने अथवा दीर्घकाल सम्म चोटपटकको उपचार गराउनु पर्छ ।आमुनेसामने मोटरसाइकल ठोक्किनुको प्रमुख कारण चालकले नियन्त्रण गुमाउनु नै हो ।अत्यधिक गतिमा रहने सवारी साधनलाई नियन्त्रण गर्न चालक असफल हुने गरेका छन् ।त्यसपछि दुर्घटना निश्चित नै हुन्छ ।नेपालमा हरेक वर्ष सवारी दुर्घटनामा मृत्यु हुने र अंगभंग हुनेको संख्या अन्य सबै कारण भन्दा बढी छ ।सवारी साधनलाई नियन्त्रण गर्न नसक्ने गतिमा चलाउनु दुर्घटनालाई निम्त्याउनु नै हो ।दुर्घटनालाई न्यून गर्न ट्राफिक नियमलाई अनिवार्य रुपमा पालन गर्नैपर्छ ।तीव्रगतिमा सवारी साधन चलाउनु चालकको परिचय होइन् ।सवारी साधनलाई हमेशा आफ्ना नियन्त्रणमा राखेर चलाउनु नै कुशल चालकको परिचय हो ।देशको ठूला पर्वत्यौहारको क्रममा हरेक वर्ष हुने सडक दुर्घटनालाई कम गर्न चालक नै जिम्मेवार हुनुपर्छ ।ट्राफिक प्रहरीले सडकमा सवारी साधनको कडाइका साथ जाँच गर्नुपर्छ ।ट्राफिक नियमलाई मिच्ने प्रवृत्तिलाई कम गर्नुपर्छ ।नियम विपरीत सवारी चलाउनेलाई कडा कारबाही गर्नुपर्छ ।मादक पदार्थ सेवन गरी सवारी साधन चलाउनेलाई अझ कडाई गर्नुपर्छ ।सवारी दुर्घटनामा सवारी साधनको हुने क्षतिको भन्दा मानवको ज्यान जाने र अंगभंग हुने चिन्ताको विषय हो ।

# आतङ्कवादको उत्थान र विश्वमा परेको असर



प्रभाषचन्द्र झा
वरिष्ठ पत्रकार

आतङ्कवादको वर्तमान अवस्थालाई जान्नका लागि यसको उत्थान कसरी भयो भने बुझ्नु आवश्यक छ । आतङ्कवाद र राजनीतिक हिंसाको शुभारम्भ इतिहासको आरम्भबाट नै भएको देखिन्छ । इसामसिहको जन्म हुनुभन्दा अगावै राज्य कब्जागर्न युद्धहरु हुने गर्दथ्यो । शासकद्वारा दमनकारी नीतिअन्तर्गत सर्वसाधारणको हत्यागर्ने, दास बनाउने गर्दथ्यो । त्यसको प्रतिरोधमा विद्रोही पक्षले हतियार उठाउँदा सङ्घर्ष भइरहन्थ्यो । त्यो सङ्घर्ष परिस्कृत हुँदै गुरिल्ला युद्धको रुप अख्तियार गर्‍यो ।

आतङ्कवादलाई सामान्य अर्थमा सम्झदा राजनीतिबाट प्रेरित भइ सङ्गठित रुपमा आफ्नो विचार नमान्ने पक्षका नागरिकमाथि गरिने हिंसात्मक अपराधलाई जनाउँछ ।

अन्तर्राष्ट्रिय आतङ्कवादको अर्थ एकभन्दा बढी मुलुकको नागरिक वा क्षेत्रको सहभागितालाई जनाउँछ । त्यस्ता आतङ्कवादी समूहको अभिप्राय आफ्ना सिद्धान्त, आफ्ना धर्म र सम्प्रदायको प्रभुत्व अन्य मुलुकहरुमा कायम गराउनका लागि हिंसात्मक गतिविधिमा सक्रियता देखाउँछ । उदाहरणको रुपमा इस्लामिक स्टेट, अलकाइदालाई लिन सकिन्छ । ति आतङ्कवादी सङ्गठनको मुख्य उद्देश्य मुश्लिम बाहुल्य मुलुकहरुमा इस्लामिक कानुन लागू गराउने र जुन मुलुकमा मुश्लिम अल्पसङ्ख्यक अवस्थामा त्यहाँ उनीहरुको धार्मिक एवम् राजनीतिक अधिकारका लागि आतङ्कवादी गतिविधि सञ्चालन गर्ने नीति अपनाएका छन् ।

आतङ्कवादी सङ्गठनहरुले गैरकानुनी कार्य, हिंसा र शक्तिको प्रयोग गरी सम्पति पनि आर्जन गर्छन् । यसका साथै, सरकार र समाजलाई डराउने, राजनीतिक वैचारिक वा धार्मिक उद्देश्यलाई पूर्ति गर्नका लागि आतङ्कको वातावरण सृजना गर्छन् ।

धर्मप्रति समर्पित आतङ्कवादी समूहहरुले आफ्नो अस्तित्व बनाइ राख्नका लागि नास्तिक र सो समूहले अपनाएको धर्मलाई नमान्नेलाई प्रताडित गर्ने गतिविधिमा बढी संलग्न रहन्छन् । आतङ्कवादी समूहले समयानुकुल आफ्नो विचारमा परिवर्तन गर्दै रहन्छ । जुन उद्देश्य राखेर सङ्गठन निर्माण गरेको भएपनि बर्चस्व कायम भएपछि उनीहरु व्यक्तिगत स्वार्थको पूर्तिमा केन्द्रीत हुने गरेको देखिएको छ ।

**आतङ्कवादी हुनुको मुख्य कारण-**

आतङ्कबाद हुनुको मुख्य कारणमा राजनीतिक, सामाजिक, आर्थिक, भू-राजनीतिक, धार्मिक र विदेशी प्रभावनै मुख्य कारक ठानिएको छ । आतङ्कवादीहरु आफूलाई अलगाववादी, अराजकवादी, विकासवादी, विद्रोही, राष्ट्रवादी वा विशुद्ध धार्मिक आस्था राख्ने भनिएपनि उनीहरुको मुलभूत प्रेरणा कुनै न कुनै राजनीतिक, सामाजिक र आर्थिक कारणबाट प्राप्त भएको हुन्छ । कतिपय आतङ्की सङ्गठनहरु राजनीतिक सङ्गठनका साथै सैनिक इकाइपनि गठन गरेको हुन्छ । यहाँ सम्म कि आतङ्कवादीहरु प्रभुसत्ता सम्पन्न सरकारको समर्थन र सो सरकारको निर्देशनमा पनि काम गर्छन् । ति सरकारहरुले आतङ्कवादी सङ्गठनहरु हतियार उपलब्ध गराइ उपयोग गर्ने गर्छन् ।

इस्लाम आतङ्कवादको कारण सवैभन्दा बढी घटनाहरु हुने देशहरुमध्ये भारत, इराक, अफ्गानिस्तान, नाइजीरिया, सोमालिया, यमन, सीरिया र माली छन् । ग्लोबल टेररिज्म इन्डेक्स २०१६ अनुसार सन् २०१५मा आतङ्कवादको कारण ७४ प्रतिशतको मृत्यु इस्लामिक चरमपन्थी समूहबाट भएको थियो । आइएस आइएस, बोकोहराम, तालिवान र अलकायदा हुन् । अफ्रिका र एशिया मुश्लिम बहुल देशहरुमा आतङ्कवादी घटना छिटफुट रुपमा हुने गरिन्छ । गैर-मुश्लिम बहुमतभएको देशमा संयुक्त राज्य अमेरिका, वेलायत,फ्रान्स, जर्मनी, स्पेन, बेल्जियम, स्वीडन, क्यानाडा, श्रीलङ्का, इजरायल, चीन, भारत र फिलीपिन्स प्रभावित छन् । यी मुलुकहरुमा गैर-मुश्लिमहरुलाई निशाना बनाउने गरिन्छ । मुश्लिम प्रभावित क्षेत्रमा आतङ्कवादी सङ्गठनहरुले स्वतन्त्र प्रतिरोध समूह सञ्चालन गर्छन् ।

केही मुश्लिम विद्ववानहरुले इस्लाम चरमपन्थ सातौं शताब्दीमैं अस्तित्व खैंरोको समयदेखि नै छ । आफ्नो अनिवार्य राजनीतिक अवस्थाले आतंकको सिद्धान्तलाई विकसित गरेको देखिन्छ । त्यो बेलाको इस्लामको दुई मुख्यधारा शिया र सुन्नीलाई अलग गर्‍यो । दोश्रो विश्वयुद्धपछि मार्क्सवादी विचारधाराको प्रभाव र पश्चिमी मुलुकको प्रजातान्त्रिक विचारधाराबीचको टकराव बढ्दै गएको थियो । सन् १९६० र १९७०को दसक त्यसको असर मुश्लिम राष्ट्रहरुमा पनि देखा पर्‍यो । रुस र अमेरिकाबीच शक्ति सङ्घर्षमा ति दुईमध्ये एक गुटमा लाग्नुपर्ने अवस्था सृजना भएको थियो । सन् १९७७मा सोभियत सङ्घले आफ्गानिस्तानमा सेन्यवलमा सत्ता कब्जा गरेपछि सोको विरोधमा सशस्त्र सङ्घर्ष शुरु भयो । सोवियत-अफगान युद्ध र सन् १९७९ देखि १९८९ सम्म जारी रह्यो । रुसको सेना फिर्ता गएपछि अफगानिस्तानमा सशस्त्र समूहबीच सङ्घर्ष शुरु भयो । कालान्तरमा सो सङ्घर्ष आतङ्कवादमा परिणत भयो । सन् १९९६मा अफगानिस्तानमा पाकिस्तान समर्थित तालिवान सैन्य समूहले आतङ्कवादको राज्य प्रायोजकहरुको सम्बन्धित विशेषताहरु अधिग्रहण गर्‍यो । त्यो बेलामा राजनीतिक अधिकार र विदेशीलाई धपाउनका लागि हतियार उठाएको देखिन्छ । अफ्गानिस्तान आतङ्कवादको चक्रब्यूँहमा फसेपछि लाखौं मानिसको ज्यान गयो । उनीहरुलाई के अनुभूति भयो भने आतङ्कवाद एक प्रभावकारी रणनीति हो, जसले आधुनिक युगमा अन्तर्राष्ट्रिय आतङ्कवादको जन्म दियो ।

ईरानको इस्लामिक क्रान्ति सन् १९७९मा भएको थियो । सो क्रान्तिको बलमा राजतन्त्रको अन्त्य भएपछि ईरानलाई इस्लामिक गणराज्य घोषित गर्‍यो । सो क्रान्ति फ्रान्सको राज्य क्रान्ति र रुसको बोल्शेविक क्रान्तिपछि विश्वको महत्वपूर्ण क्रान्तिको रुपमा हेरिन्छ । पहलवी वंशको अन्त्यपछि धार्मिक नेता आयातुल्ला खुमेनी प्रमुख बनेका थिए । शिया बहुल देश ईरान यतिखेर, प्योष्टिनस्थित हमास लडाकु समूहलाई शस्त्र र आर्थिक सहयोग गर्दै आइरहेको छ ।

१९८० को एक तथ्याङ्कअनुसार, ६४ आतङ्कवादी समूहमध्ये मात्र दुई समूहलाई धार्मिक सङ्गठनको आधारमा बर्गीकृत गरिएको थियो । सो धार्मिक आतङ्कवादी समूहको सङ्ख्या बढ्दै सन् १९९५ मा ५६ वटा इस्लामिक चरणपन्थी आतङ्कवादी सङ्गठन देखा पर्‍यो । अमेरिकाको वर्ल्ड ट्रेड सेन्टरमा बमबारी र सन् २००१को ११ सितम्बरमा हमलापछि विश्वलाई आतङ्कवादीहरु त्रसित पारेको थियो । जर्मनको पत्रिका 'वेल्ट एम सोनटैगको सङ्कलित तथ्याङ्कको आधारमा ११ सितम्बर २००१ देखि २१ अप्रिल २०१९ को बीचको अवधिमा ३१ हजार २२१ इस्लामवादी आतङ्कको हमला हुँदा कमसेकम एक लाख ४६ हजार ८११ जनाको मृत्यु भएको थियो । सो आक्रमणमा अधिकांस मुश्लिम पीडित भएका थिए ।

**प्रमुख आतङ्वादी सङ्गठन**

विश्वमा आतङ्कवादी सङ्गठनहरुको सङ्ख्यामा बढोत्तरी भइरहेको देखिन्छ । अहिले पाकिस्तानको अफ्गानिस्तानसँग जोडिएको क्षेत्रमा तालिवान टिटिपी सङ्गठन सक्रिय छन् । ति क्षेत्रमा अन्य आतङ्कवादी सङ्गठनहरु पनि छन् । विश्वमा चर्चित आतङ्कवादी सङ्गठनहरुमा फिलिपिन्सको अबु सायफ, गाजाको अल अस्का, हमास, इजिप्टको अल गामा, अल इस्लामिया, विश्वस्तरमा अलकायदा, सोमालियाको अल शबाब, इराकको अनसर अल इस्लाम, लिबियाको अनसर सरिया, अल्जेरियाको आर्मड इस्लामिक समूह,नाइजेरियाको बोकोहराम, रसियाको काउकासस इमिरेट, चीनको इस्ट टुर्किस्तान इस्लामिक आन्दोलन, इजिप्टको इजिप्सीयन इस्लामिक जिहाद, तुर्कीको ग्रेट इस्टर्न इस्लामिक राइडर्स फ्रन्ट, पाकिस्तानको हरकत उल मुजाहिदीन अल अलामी, हरकत उल जिहाद ए इस्लामी, लेबनानको हिजबुल्लाह, मध्य एशियाको इस्लामिक मुवमेन्ट आँफ सेन्ट्रल एशिया, उज्वेकिस्तानको इस्लामिक मुवमेन्ट आँफ उज्वेकिस्तान, विश्वस्तरमा इस्लामिक स्टेट आँफ इराक एण्ड लिवेन्ट , पाकिस्ताको जेश ए मोहम्मद, कश्मीर, इराकको जमात अनसर उल सुन्ना, इन्डोनेशियाको जेमाह इस्लामिया, पाकिस्तानको लश्कर ए तैयबा कश्मीर, लश्कर ए झंगबी, फिलिपिन्सको माउट समूह, इराक र युरोपको मोजाहिदीन ए-खलक, फिलिपिन्सको मोरो इस्लामिक लिबरेसन फ्रन्ट, मोरक्को र युरोपको मोरोक्कन इस्लामिक कम्बाटेन्ट समूह, श्रीलङ्काको नेशनल थुइट जमात, गाजा र वेस्ट बैंङ्कको प्यालेष्टिन इस्लामिक जिहाद र इराकको टाविड एण्ड जिहाद छन् ।

वैश्विक आतङ्कवादको सूचकाङ्कमा (ग्लोवल टेरिज्म इन्डेक्स, जिटिआइ) भारत १३औं स्थानमा पर्छ । आतङ्कवादको आक्रमणबाट मृत्युको सङ्ख्यामा कमी आएपनि अफ्गानिस्तान चौंथो बर्षमा पनि सवैभन्दा बढी प्रभावित मुलुकमा पर्छ । जिटिआईको तथ्याङ्कअनुार २००७ सालदेखि २०२२ सम्म ६६ हजार विश्वभरमा आतङ्क्वादी घटना भएका छन् । वैश्विकस्तरमा आतङ्कवादको कारण मृत्यु हुने सङ्ख्यामा ९ प्रतिशतले कमी आएको देखिन्छ । गत बर्ष, पाकिस्तानमा आतङ्वादको घटनामा परेर ६४३ जनाको मृत्यु भएको थियो । सन् २०२३मा पाकिस्तानको बलुचिस्तान,सिंधलगायतका प्रान्तको मस्जिद र सभास्थलहरुमा बम विष्फोटका साथै सशस्त्र समूहद्वारा गरिने गरिएका हत्याले गर्दा मृतकको सङ्ख्यामा व्यापक बढोत्तरी भएको देखिन्छ । दक्षिण एशियामा सन् २०२२मा आतङ्कवादबाट एक हजार ३५४ जनाको मृत्यु भएको थियो । इस्लामिक स्टेट र उनको सहयोगीसमेतले लगातार आठ बर्षदेखि सवैभन्दा बढी आतङ्कवादी घटना गरेका छन् । यी सवैभन्दा बढी घातक आतङ्वादी समूहमा पर्छ ।

**इजरायल रहमासबीच युद्ध**

मध्यपूर्वमा इजरायल र प्यालेष्टिन समर्थक हमास लडाकुबीच युद्ध एक महिना नाघेको छ । यो एक महिनाको अवधिमा दस हजारभन्दा बढी व्यक्तिको ज्यान गएको छ भने इजरायलको आक्रमणमा गाजापट्टिका सयौं भवनहरु भग्नावेशमा परिणत भएको छ । हमासका लडाकुहरुले अप्रत्यासित रुपमा ७ अक्टुबरमा इजरायलको भूमिमा प्रवेश गरी अन्धाधुन्ध गोली र बम प्रहार गर्दा एक हजार ४०० इजरायली नागरिकका साथै नेपालका १० जना सहित एकसयभन्दा बढी विदेशीको हत्या गरेको थियो । यसलाई पश्चिमा मुलुकहरुले आतङ्कवादी घटना भनिरहेका छन् भने मुश्लिम र बामपन्थी सरकार भएका मुलुकहरुले आतङ्कवादी घटना मान्न तयार छैनन् । हमासका लडाकुहरुले एक नेपालीसहित २३९ जनाको अपहरण गरी अज्ञात स्थानमा राखेका छन् ।

इजरायलमाथि आक्रमणपछि उत्साहित बनेका अरब लीग लगायतका मुश्लिम राष्ट्का साथै विश्वका मुशलमान समुदायहरु यतिखेर, इजरायललाई युद्ध रोक्न दवाव दिइरहेका छन् । विश्वका महाशक्ति राष्ट्रहरु दुई भागमा विभाजित देखिन्छ । अमेरिका, फ्रान्स, जर्मनी, बेलायत, क्यानाडालगायत पश्चिमी मुलुकहरु खुलेर इजरायलको पक्षमा छन् भने चीन र रुसले गाजापट्टिमा इजरायलको आक्रमणले गर्दा अनाहकमा निर्दोष व्यक्तिहरुको मृत्यु भइरहेकाले युद्धविरामको लागि आग्रह गरेको छ । अरब लीगका राष्ट्रहरुले शुरु शुरुमा धम्किपूर्ण अभिव्यक्ति दिने गर्दथ्यो । इजरायलले टेरपुच्छर नलगाएपछि अहिले मत्थर परेको देखिन्छ ।

इजरायलमाथि दुई हजार किलोमिटर टाढाबाट यमनका शिया समर्थित हुथी लडाकुहरुले मिसाइलबाट र लेबनामबाट हिजबुल्लाह समूहले मोटार र रकेटबाट आक्रमण गरिरहेका छन् । तर, इजरायलले आइरन डोमको प्रयोग गरी ति मिसाइल र रकेटलाई आकासमै नष्ट गर्ने गरिरहेका छन् । इरानले हमासलाई उचालेर युद्धमा धकेल्यो । इजरायलले अहिले उत्तरी गाजाको क्षेत्रमा पुगेर सुरुङ्गमा लुकेका लडाकुलाई घेराबन्दीमा पारेका छन् । गाजापट्टिका बीस लाख मानिसहरु पीर्डित भएका छन् । उनीहरुलाई बस्न र खानका लागि निक्कै सास्ती भोग्नु परिरहेको छ । युद्धविराम नहुन्जेलसम्मका लागि सीमावर्ती मुश्लिम राष्ट्रहरुले आ-आफ्ना सीमानामा उनीहरुलाई आश्रय दिन तयार भएन् । अहिले, सो युद्धलाई जसरीपनि रोक्नु पर्छ । हमासले बन्धकहरुलाई रिहा गरेपछि इजरायलले युद्ध बन्द गर्न सम्भावना छ । 'इतिश्री'

*आतङ्कबाद हुनुको मुख्य कारणमा राजनीतिक, सामाजिक, आर्थिक, भू-राजनीतिक, धार्मिक र विदेशी प्रभावनै मुख्य कारक ठानिएको छ । आतङ्कवादीहरु आफूलाई अलगाववादी, अराजकवादी, विकासवादी, विद्रोही, राष्ट्रवादी वा विशुद्ध धार्मिक आस्था राख्ने भनिएपनि उनीहरुको मुलभूत प्रेरणा कुनै न कुनै राजनीतिक, सामाजिक र आर्थिक कारणबाट प्राप्त भएको हुन्छ । कतिपय आतङ्की सङ्गठनहरु राजनीतिक सङ्गठनका साथै सैनिक इकाइपनि गठन गरेको हुन्छ । यहाँ सम्म कि आतङ्कवादीहरु प्रभुसत्ता सम्पन्न सरकारको समर्थन र सो सरकारको निर्देशनमा पनि काम गर्छन् । ति सरकारहरुले आतङ्कवादी सङ्गठनहरु हतियार उपलब्ध गराइ उपयोग गर्ने गर्छन् ।*

# टिकटकमाथि प्रतिबन्ध : भ्रम र यथार्थ



मनहरि तिमिल्सिना

नेपाल सरकारको गत सोमबार बसेको मन्त्रिपरिषद् बैठकले सामाजिक सञ्जाल टिकटक बन्द गर्ने निर्णय गरेपश्चात त्यसमाथि राष्ट्रियस्तरमा बहस भइरहेको छ । नेपालजस्तो लोकतान्त्रिक मुलुकका लागि यस्ता बहसहरू स्वभाविक मात्र नभएर स्वागतयोग्य पनि छन् । लोकतन्त्रको सुदृढीकरण र विकासका निम्ति यस्ता बहसहरू भइरहनेछन् र राज्यले खुल्ला हृदयले स्वागत गरिरहनुपर्दछ । यो आलेख टिकटक प्रतिबन्ध गर्नुपर्नाको कारण एवं प्रतिबन्धपछि देशव्यापी रूपमा उठेका प्रश्न र जिज्ञासाहरूमा केन्द्रित रहनेछ, जसले हरेक लोकतान्त्रिक राज्य कसरी राज्य, राज्यका नागरिक र समाजप्रति उत्तरदायी रहन्छ भन्ने कुराको बोध गर्न सजिलो हुनेछ ।

विश्व सन् १९८० पछि सूचना-प्रविधिमा अभ्यस्त हुन थालेको भए पनि नेपालले आधुनिक प्रविधिको प्रयोग गर्न थालेको लामो इतिहास छैन । २०६२/६३ को जनआन्दोलनपछि तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारले सूचना-प्रविधिमा विशेष चासोका साथ पहल लिएको थियो, जुन मन्त्रिपरिषद्मा सूचना तथा सञ्चारमन्त्री थिए माओवादी नेता कृष्णबहादुर महरा । अर्थात् सशस्त्र द्वन्द्वबाट शान्ति प्रक्रियामा प्रवेश गरेको माओवादीका निम्ति विशेष रूचि र चासोको विषय थियो-सूचना प्रविधि । किनकी, १० वर्षे जनयुद्धमा माओवादी स्वयंले नवीनतम् प्रविधिहरूको विकास र उपयोगमा जोड मात्र दिएन, पार्टी अध्यक्ष प्रचण्डले आफ्नो हरेक दस्तावेजमा सूचना-प्रविधिमा आएको अभूतपूर्व क्रान्तिको आत्मसाथ गर्दै नयाँ जनवाद हुँदै समाजवादको आधार तयार पार्नुपर्नेमा जोड दिनुहुन्थ्यो । यसको अर्थ हो-प्रारम्भदेखि नै माओवादी प्रविधिमैत्री थियो ।

पछिल्ला १५ वर्षमा नेपालले सूचना-प्रविधिको क्षेत्रमा महत्वपूर्ण फड्को मारेको छ । यस अवधिमा छापा तथा विद्युतीय सञ्चारमाध्यममा गुणात्मक विकास भएको छ । आमसञ्चार यति शक्तिशाली क्षेत्र भएको छ, जो आफैंले आफ्ना लागि समाचार उत्पादन, प्रसारण र वितरण गर्दछ । सामाजिक सञ्जालका धेरै प्लेटफर्ममा नेपालीहरू अभ्यस्त छन् । यस्ता सञ्जालहरूले पहुँचको अभावमा लुकेका प्रतिभाहरूको प्रष्फुटन गराएका छन्, अन्यायमा परेका नागरिकहरूका आवाजले राष्ट्रिय महत्व पाएका छन् । उपचार नपाएका कैयौं नेपालीहरूलाई सहयोगको राम्रो आधार तयार भएको छ । मानिसहरूले कम खर्चमा आफूले पढ्न/सुन्न/हेर्न चाहेको सामग्री सुलभ रूपमा प्राप्त गरेका छन् । बलियो सामाजिक सञ्जाल स्थापित गर्न सहयोग पुगेको छ । देश/विदेशमा रहेका आफन्त र साथीहरूबाट सघन सम्बन्ध र अन्तरक्रिया कायम भएको छ । विभिन्न शिक्षाप्रद सामग्रीको उपलब्धताले मानिसले बहुआयमिक ज्ञान हासिल गर्ने अवसर प्राप्त गरेको छ । नीति निर्माता र राज्य सञ्चालकहरूलाई नागरिक तहबाट खवरदारी गर्ने राम्रो माध्यम बनेको छ, आदि-आदि । सूचना-प्रविधि र सामाजिक सञ्जालका बहुआयाम छन्, जसले व्यक्ति, समाज, राष्ट्र र सिङ्गो विश्वलाई अगाडि बढ्न उत्प्रेरित गरिरहेको छ ।

तर, यति धेरै सवल पक्ष हुँदाहुँदै पनि पछिल्लो समय नेपाली समाजमा सामाजिक सञ्जालको दुरूपयोग बढ्दो छ । साइबर अपराधका नयाँ-नयाँ आयाम र तरिकाहरू सतहमा आएका छन् । नेपाल प्रहरीमा दर्ता भएका उजुरीहरू र तिनीहरूको प्रकृति हेर्दा राज्यले जिम्मेवारीपूर्वक नियमन नगर्ने हो भने हाम्रो भविष्यमाथि खतराको बादल मडारिँदैछ । यसतर्फ हामी सबै चनाखो र गम्भीर बन्नैपर्छ ।नेपालमा सञ्चालित सबै सामाजिक सञ्जाल र एपहरूका गुणदोष दुबै छन् । युट्युब, फेसबुक, ट्वीटरलगायतका सामाजिक सञ्जालमा पनि पारिवारिक र सामाजिक मर्यादाविपरितका धेरै सामग्रीहरू छन् । तिनीहरूमाथि समेत नियमन जरूरी छ ।

तर, आजको सन्दर्भमा सबैभन्दा धेरै दुरूपयोग टिकटकको देखिएको छ । त्यसको नियमनका लागि राज्यको तर्फबाट पर्याप्त गृहकार्य र तयारी गरिएको देखिन्छ, यद्यपि नियमन सम्भव भएन । त्यसैले सरकार तत्कालका लागि टिकटक बन्द गर्ने र अरू सामाजिक सञ्जालहरू मर्यादित बनाउन नियमन गर्ने निष्कर्षमा पुग्यो। आजको यथार्थ यही हो । टिकटकमा प्रसारित सबै सामग्रीहरू खराब छैनन् । त्यो कुरा प्रयोगकर्ताको ज्ञान, विवेक र सभ्यतामा समेत निर्भर रहन्छ । टिकटकका माध्यमबाट नयाँ प्रतिभाहरू सतहमा आएका छन्, उनीहरूले सामाजिक जीवनमा राम्रो प्रगति गर्ने आधार पनि खडा भएको छ । विभिन्न ज्ञानवर्धक सामग्री बनाउने बौद्धिक जमात पनि यहाँ क्रियाशील छ । उनीहरूले टिकटकलाई कसरी प्रगतिका निम्ति उपयोग गर्ने भन्नेखालका शिक्षा र सन्देश प्रसारण गरिरहेका छन् । यो सकारात्मक पक्ष हो ।

तर, टिकटकबाट चर्चा कमाउने र आयआर्जन गर्ने नाममा जे-जस्ता सामग्रीहरू प्रसारित हुने गरेका छन्, ती गम्भीर प्रकृतिका छन् । श्रम, उत्पादन, रोजगारी र सेवा क्षेत्रमा हुनुपर्ने युवा जनशक्तिको सम्पूर्ण ध्यान टिकटकमा देखिएको छ, उनीहरू टिकटकबाट आम्दानी गर्न जे-जे गर्दा 'भ्यूज' बढ्छ, त्यस्तै कर्म गर्न अभ्यस्त देखिन्छन् । लाइभका नाममा जे-जति विकृति देखिएका छन्, त्यसको जति नै निन्दा गरे पनि कमै हुन्छ । यस्ता सामग्रीहरूको प्रसारणले सबैजसो परिवारमा तनाव र बेचैनी हुने गरेको छ। अत्यन्तै उत्तेजक, कृतिम, अश्लिल सामग्री प्रस्तुत हुँदै जाँदा शिक्षित र बौद्धिकहरूसमेत 'भ्यूज' बढाउन अश्लिलताको प्रतिस्पर्धातर्फ धकेलिँदैछन् । उनीहरूसमेत उट्पट्याङमा लालयित हुने र गहन बौद्धिक एवं शैक्षिक सामग्री, चिन्तन/मन्थन शून्यप्रायः देखिँदैछ । प्रयोगको एकाध वर्षमा नै नेपालमा यस्तो विकृति देखिएको छ, जसमाथि लगाम नलगाउने हो भने भोलिको परिस्थिति राज्य, समाज र परिवारको नियन्त्रणबाहिर जानसक्छ ।

टिकटकमा प्रसारित भएका कतिपय सामग्रीहरू परिवार सँगै बसेर हेर्नै नसकिने खालका छन् । पूरै नग्नताका साथ प्रस्तुत हुने, सीमाबाहिरको गालीगलौज गर्ने, आफूले ढलेको सिन्को नउठाउने, केही गरिरहेका वा गर्न खोजिरहेका माथि तथानाम गाली गर्ने, आवाज, तस्बिर, भिडियो 'इडिट' गर्ने र तथ्यलाई बङ्गाएर प्रस्तुत गर्ने, श्रम संस्कृतिलाई तिरस्कार गर्ने, पारिवारिक उत्तरदायित्वबाट बिमुख हुने, घर-घरमा मनोरोगको भ्रूण रोप्ने, सभ्यता, संस्कृति र ज्ञानविज्ञानमाथि प्रहार गर्ने, पारिवारिक कलह, झै-झगडा, व्यक्तिको गोपनीयताको हकमाथि आक्रमण, बालबच्चा र जेष्ठ नागरिकको विकास र हेरचाहमा लापर्वाहीजस्ता सयौं अश्लिलता र विकृतिका कारण टिकटकमाथि नियमन अनिवार्य थियो ।सामाजिक सञ्जालको दुरूपयोगले सञ्चारमाध्यम पनि दिक्क भएका छन् । हप्तौं लगाएर अनुसन्धान गरिएका सामग्री ओझेलमा पर्ने र कुनै लगानी, परिश्रम र गुणस्तर नभएका सामग्री भाइरल हुने परिस्थितिले हरेक क्षेत्रको व्यवसायिकतामाथि नयाँ चुनौती थपिएको छ । कर्मठहरू गुमनाम छन्, अघिपछि युट्युबरहरू बोकेर हिड्ने 'स्टन्डबाज'हरू चर्चामा छन् । अस्पतालमा १८ घण्टा बिरामीको सेवा गर्ने स्वास्थ्यकर्मीको कुनै चर्चा छैन, एक कार्टुन चाउचाउ बाँड्न १२/१५ जना युट्युबर बोकेर हिड्ने अभियान्ताको चर्चा छ । उही दानी, उही ज्ञानी, उही त्यागीको भ्रमले समाज आक्रान्त छ । नयाँ-नयाँ रङ्गका जोगीको उदयले नागरिक रनभुल्लमा छन् ।

एउटा स्रष्टाले अहोरात्र मेहेनतका साथ गीत, कथा, कविता लेख्छ । एउटा कलाकारले वर्षौं लगाएर उक्त सिर्जनामा सङ्गीत र स्वर भर्छ । एउटा उत्पादकले लाखौं खर्च गरेर उक्त सिर्जना बजारमा ल्याउँछ । तर, एउटा बेतुकको टिकटकरले त्यसलाई पूरै बिगार्छ, सामाजिक सञ्जाल दुर्गन्धित तुल्याउँछ । बिडम्वना, त्यही युट्युबर र टिकटकर हिट हुन्छ "लाइक", 'फलो', 'भ्यूज' उसैको बढ्छ । जसको सिर्जना हो, ऊ गुमनाम छ । जसले सिर्जनामाथि अपराधपूर्ण धावा बोल्छ, सामाजिक सञ्जाल दुर्गन्धित बनाउँछ, ऊ हिरो छ । यो ज्यादती सभ्य समाजले सहन सक्ने कुरा होइन ।टिकटकका सन्दर्भमा यति कुरा भनिसकेपछि अब चाहिँ नागरिक तहबाट उठेका केही जिज्ञासा, आलोचना र टिप्पणीहरूमाथि ध्यान दिन उपर्युक्त ठान्दछु । ती तर्क एवं टिप्पणी र सच्चाइबारे हामी सबै प्रष्ट हुन आवश्यक छ ।

पहिलो : टिकटक बन्द गर्नु अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गर्नु हो, वाक् तथा प्रेस स्वतन्त्रतामाथि धावा बोल्नु हो । यो कुतर्क र आग्रहपूर्ण राजनीतिक आक्षेप हो । यिनै राजनीतिक दलहरू हुन्, जो निरङ्कुशताका विरूद्ध देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका निम्ति लडे । लोकतन्त्रका निम्ति, अभिव्यक्ति स्वतन्त्रताका निम्ति भूमिगत जीवन, जेलनेल र बलिदानको कीर्तिमान कायम गरे ।

त्यसैले यी दल र शक्तिहरूको नशानशामा लोकतन्त्रप्रति आस्था र विश्वास छ । हामी स्पष्ट हुनुपर्छ-अभिव्यक्ति स्वतन्त्रताको अर्थ अराजकता होइन, स्वतन्त्रताको अर्थ स्वच्छन्दता होइन, वाक् स्वतन्त्रताको अर्थ मनलाग्दी लागीगलौज र मानमर्दन होइन । हाम्रो संविधान र कानुनहरूले जुन व्यवस्था गरेका छन्, त्यसको मर्म र भावनाको सम्मान गर्नु नै वास्तविक अर्थमा लोकतन्त्र हो ।दोस्रो : टिकटक नेपालमा मात्र बन्द गरिएको होइन, विश्वका कैयौं मुलुकहरूले यसको औचित्यमाथि प्रश्न उठाउँदै बन्द गरिसकेका छन् । अश्लिलता, मानव बेचबिखन, गलत सूचना अफवाह प्रवाह, राष्ट्रिय सुरक्षा, युवाहरूको मानसिक स्वास्थ्यलगायतका कारण देखाउँदै टिकटक प्रतिवन्ध लगाउने देशको सङ्ख्या २७ पुगेको छ । बेलायत (२०२३), अमेरिका (२०२०), न्युजिल्याण्ड (२०२३), क्यानडा (२०२३), ताइवान (२०२२), बेल्जियम (२०२३), डेनमार्क (२०२३), पाकिस्तान (२०२०), अफगानिस्तान (२०२२), भारत (२०२०), सोमालिया (२०२३), अर्मेनिया (२०२०), अजरवैजान (२०२०), बङ्गलादेश (२०१८), इन्डोनेसिया (२०१८) इरान (२०२३), जोर्डन (२०२२), अष्ट्रिया (२०२३), इस्टोनिया (२०२३), फ्रान्स (२०२३), आयरल्याण्ड (२०२३), लाट्भिया (२०२३), माल्टा (२०२३), नेदरल्याण्ड (२०२२), नर्वे (२०२३) र अष्ट्रेलिया (२०२३) ले टिकटकमाथि प्रतिबन्ध लगाइसकेका छन् । आफ्नै देशभित्र उत्पादन भएको एपलाई चीनले समेत कडा नियमन गरिरहेको छ, जहाँ चीनबाहिरका नागरिकले उही एपबाट टिकटक चलाउन सक्दैनन् । यसले प्रष्टाउँछ- कुन सोसल मिडिया वा एप प्रयोग गर्ने वा नगर्ने, गर्न दिने वा नदिने भन्ने कुरा सम्बन्धित मुलुकको राष्ट्रिय हित र चासोमा निर्भर रहन्छ ।

तेस्रो : टिकटक नियमन गर्न सकिन्थ्यो, नियन्त्रण गर्नु गलत हो । जुन कुरा सतही विश्लेषण हो । एक हप्ताअघि गृह मन्त्रालयले टिकटकका प्रतिनिधि बोलाएर एपलाई नियमन गर्नेबारे छलफल गरेको थियो । तर, उक्त छलफलमा टिकटकका प्रतिनिधिहरूले टिकटक नियमन गर्न नसकिने, अवान्छित सामग्रीहरू हटाउन नसकिने, फेक आइडीलाई नियमन गर्न नसकिने बताएपछि सरकारले बन्दको बिकल्प रोज्नुपरेको हो । चौंथो : सामाजिक सञ्जालका रूपमा आउने नयाँ-नयाँ प्रविधिका मुख्यतः दुई स्वार्थ छन् : प्रविधिको माध्यमबाट प्रभाव विस्तार र व्यापारिक स्वार्थ । त्यस्ता सञ्जालहरू सञ्चालनमा आउँदा नेपालभित्र अनिवार्य दर्ता हुनुपर्छ । दर्ता नहुँदा त्यस्ता सञ्जालहरूको अनुगमन, नियमन र करको दायरामा ल्याउने विषय कठिन हुन जान्छ । तसर्थ, भविष्यमा सामाजिक सञ्जालका सबै प्लेटफर्महरूलाई देशभित्र दर्ता अनिवार्य गर्नेगरि जानैपर्छ ।

पाँचौं : पारिवारिक र सामाजिक सद्भाव भङ्काउने अरू पनि सोसल मिडिया छन्, टिकटक बन्द गरेर समस्या समाधान हुँदैन भन्ने तर्क पनि छ । यथार्थ हो- अरू सोसल मिडियामा पनि अवान्छित सामग्री छन्, तिनीहरूको पनि नियमन जरूरी छ । तर, सबैभन्दा बढी अवान्छित गतिविधि टिकटकमा हुनु र स्वयं टिकटकका प्रतिनिधिले नै नियमन गर्न सकिँदैन भन्नु नै टिकटक बन्द गर्नुपर्नाको प्रमुख कारण हो । छैटौं : टिकटक बन्द गरे पनि 'भिपिएन'बाट टिकटक चलाउन सकिन्छ भन्ने तर्क पनि छ । हो- भिपिएनबाट पनि टिकटक चलाउन सकिन्छ तर राज्यले नै गैरकानुनी ठहर गरिसकेको एप चलाउने काम पनि गैरकानुनी हुन जान्छ । त्यस्ता प्रयोगकर्ताहरू स्वतः कानुनको दायरामा आउनेछन् ।

सातौं : सर्वोच्च अदालतले सरकारको निर्णय उल्टाउनेछ । यो पनि सतही तर्क नै हो । नेपालको संविधानले देशको राष्ट्रिय हित, प्रतिष्ठा, स्वतन्त्रता, सामाजिक सद्भावमा खलल पुग्ने कुनै पनि गतिविधिमा कानुन बनाएर नियन्त्रण गर्ने अधिकार प्रदान गरेको छ । टिकटक प्रतिबन्ध सामाजिक सञ्जाल नियमन निर्देशिका जारी गरेपछि मात्रै गरिएको छ । तसर्थ, यो संवैधानिक र कानुनसम्मत छ ।

*(लेखक प्रधानमन्त्रीका प्रेस विज्ञ हुनुहुन्छ)*

# सांसदले आफूलाई लागेको कुरा स्वतन्त्ररुपमा राख्न पाउनुछ : सांसद श्रेष्ठ



काठमाण्डु । जनताले सांसदसँग साना-साना विकास निर्माणका कामको अपेक्षा गरिरहेका हुन्छन् । सांसदको काम मुलतः कानुन बनाउने हो भन्ने बुझ्रेर पनि उनीहरूले सांसदसँग आशा र अपेक्षा राख्छन् । सङ्घीय प्रणालीमा स्थानीय तहलाई विकास निर्माणका कामको अधिकार दिइए पनि जनताले सांसदसँगै बढी अपेक्षा गर्नुले हाम्रो शासकीय व्यवस्थाको कार्यान्वयनमा समीक्षाको माग गर्छ । यो कुरा प्रतिनिधिसभा सदस्य सूर्यकुमारी श्रेष्ठलाई पनि गढेको छ ।

"जनतको आशा र अपेक्षा हुनु अन्यथा होइन तर सांसदको भूमिका के हो भनेर हामीले जनतालाई बुझाउन सकेका छैनौँ", नेकपा (एमाले)का केन्द्रीय सदस्य एवं दैलेख जिल्लाका सहइन्चार्ज श्रेष्ठ भन्नुहुन्छ, "स्थानीय मठमन्दिर, बाटो, बिजुली, धारो, पानीट्याङ्की बनाउन पनि हामीलाई आग्रह आइरहेको हुन्छ । सिंहदरबारका मन्त्रालयतिर गएर यी कामभन्दा साना काम नल्याउनु, ठूला र क्रमागत आयोजनाका प्रस्ताव ल्याउनु भनिन्छ । तर पनि हामीले सदनमा जनताका सबै आवाजलाई सुनुवाइ गर्ने कोसिस गरिरहेका छौँ ।"

विद्यार्थीकालदेखि राजनीतिमा लागेकी नेत्री श्रेष्ठ २०५८ सालमा नेपाल मजदुर किसान पार्टीबाट एमालेमा प्रवेश गर्नुभएको हो । उहाँ २०४६ सालमा नेमकिपा निकट विद्यार्थी सङ्गठनको दैलेख जिल्ला अध्यक्ष हुनुहुन्थ्यो । त्यसअघि उहाँ एमाले निकट अखिल नेपाल महिला सङ्घको केन्द्रीय सचिवालय सदस्य हुनुहुन्थ्यो ।

सांसद श्रेष्ठ जनस्तर र किसानका कुरालाई सदनमा प्रायः उठाइरहनुहुन्छ । गत असोज २१ गतेको प्रतिनिधिसभाको बैठकमा उहाँले नेपालमा लाखौँ किसान जमिन बाँझो छाडी विदेश पलायन भएको र सरकारले उचित ध्यान दिन नसक्दा कृषिप्रधान मुलुकको नारा नारामै सीमित भएको विषय उठाउनुभएको थियो । "आजभन्दा ५२ वर्षअघि भोकमरी खेपेको बङ्गलादेशले अहिले कृषिमा क्रान्ति गर्दै वर्षमा तीनपटक हाइब्रिड धान उत्पादन गरेर त्यहाँका १७ करोड जनसङ्ख्यालाई हाइब्रिड धानले खान पुर्‍याएको छ । नेपालमा पनि त्यस्ता जातका धान लगाउनुपर्छ र उत्पादन बढाउनुर्छ", केही समय अघि बङ्गलादेशको भ्रमण गर्नुभएकी सांसद श्रेष्ठले भन्नुभयो ।

सांसद श्रेष्ठले गत वैशाख २७ गतेको प्रतिनिधिसभाको बैठकमा दैलेखको आठबिस नगरपालिका-६ को सामुदायिक वनमा भएको भीषण आगलागीमा परेका दलित समुदायका १२ जनाको निःशुल्क उपचारको व्यवस्था गर्न माग गर्नुभएको थियो । संसद्मा आफूहरूले बोलेका कुराको पर्याप्त कार्यान्वयन नभएको गुनासो उहाँको छ । सांसद श्रेष्ठ सङ्घीय संसद्को हालै सम्पन्न वर्षे अधिवेशनको मूल्याङ्कन कसरी गर्नुहुन्छ भन्ने प्रश्नमा भन्नुहुन्छ, "राष्ट्रियसभाका उत्पत्ति भएका कतिपय विधेयक पारित भएन । कतिपय विधेयक विवादित बने । मेरो विचारमा सरकारले कुन कानुन कहिले ल्याउने र कसरी छलफल गर्ने भन्नेजस्ता कार्यसूचीमा स्पष्टता ल्याउन सकेको छैन भने कानुन पारितका क्रममा पारदर्शिता कायम गर्न सकेको छैन ।"

सत्तारुढ दलकै कतिपय सांसदले पनि स्पष्ट सूचना नपाएको र उहाँहरूलाई दलको ह्वीपका आधारमा सहमत हुन बाध्य पारिएको सांसद श्रेष्ठको बुझाइ छ । "सदनमा सांसदहरूले आफूलाई लागेको विचार स्वतन्त्ररुपमा राख्न पाउनुर्छ । सांसदलाई टाँगाको घोडाजस्तो एकोहोरो बाटोमा हिँडाउन खोज्नु हुँदैन ।", उहाँ भन्नुहुन्छ, "हामी त प्रतिपक्षमा छौँ । तर पनि संसदीय दलका बैठकमा लागेका कुरामाथि घनीभूतरूपमा छलफल गर्छौं । अरु समयमा प्रमुख सचेतक र सचेतकमार्फत सूचना आदान-प्रदान गरेर संयोजन गर्छौं ।"

राज्यका निकायहरू कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाबीचको सन्तुलन र समन्वयका सवालमा सांसद श्रेष्ठ सन्तुष्ट हुनुहुन्न । सन्तुलन र समन्वयमा सरकारले नै पर्याप्त काम गर्न नसकेको उहाँको आरोप छ । न्यायालयलाई स्वतन्त्र राख्नुपर्ने र जघन्य अपराधमा प्रमाणित भएका व्यक्तिलाई आममाफी दिन नहुने उहाँको भनाइ छ ।

नेपाल सरकारले यस वर्ष सांसद पूर्वाधार विकास कोषको रकम हालैको जाजरकोट र रुकुमपश्चिको भूकम्प प्रभावित क्षेत्रको पुनःस्थापना कोषमा राख्ने निर्णय गरेका प्रति उहाँ खुसी हुनुहुन्छ । तर अरु समयमा उक्त कोषको रकम र कार्यक्रम वितरण गर्दा प्रत्यक्षतर्फका सांसदलाई मात्रै निर्णय प्रक्रियामा अगुवा नमानी समानुपातिकतर्फका सांसदलाई पनि उत्तिकै भूमिका दिन उहाँको सुझाव छ । रासस

# 'सरसफाइ सभ्यतासँग जोडिएको छ'




काठमाण्डु । 'परिवर्तनको गति बढाउँदै' भन्ने नारासहित नेपालसहित विश्व शौचालय दिवस २०२३ मनाउन लागिएको छ । सोही दिवसको सन्दर्भमा बिहीबार ललितपुरमा आयोजित पत्रकार सम्मेलनमा पूर्वमन्त्री एवम् नेकपा(माओवादी केन्द्र)का सचिव गणेश साहले मानिसको स्वास्थ्य आफू बस्ने वातावरणसँग अभिन्न रूपमा जोडिने भएकाले सरसफाइलाई उत्तिकै महत्त्व दिँदै आएको बताउनुभयो ।

साहले सरसफाइ मानिसको सभ्यता र संस्कारसँग पनि जोडिएको बताउनुभयो । हरेक वर्ष १९ नोभेम्बरमा विश्वभर विभिन्न कार्यक्रममा साथ शौचालय दिवस मनाउने गरिएको छ । सन् २०१३ देखि सो दिवस मनाउन थालिएको हो । बढ्दो सहरीकरण र सार्वजनिक खुला स्थानको अभावले सहरी क्षेत्र वा बाक्लो मानवबस्ती भएका स्थानमा शौचालयको निर्माण र प्रयोग गर्ने चुनौती बढेर गएको छ ।

मानव समुदायलाई मानवजन्य दिसापिसाबबाट उत्पन्न हुनसक्ने जीवाणुले ल्याउने रोगब्याधिबाट बचाउन शौचालय निर्माण गर्ने र प्रयोग गर्ने बानी विकसित गराउन संयुक्त राष्ट्रसङ्घले विश्व शौचालय दिवसका रूपमा मनाउने गरेको पूर्वमन्त्री साहले जानकारी दिनुभयो । यस वर्ष पनि संयुक्त राष्ट्र सङ्घको आह्वानमा १९ नोभेम्बरमा विश्वभर शौचालय दिवस मनाइँदै छ । यस वर्षको नारा 'परिवर्तको गति बढाउँदै' भन्ने तय गरिएको छ ।

संयुक्त राष्ट्रसङ्घले सन् २०३० सम्म दिगो विकासका लक्ष्य हासिल गर्ने कार्यक्रम तय गरी कार्यान्वयन गरिरहेको छ । दिगो विकास लक्ष्यको छैठौँ लक्ष्यमा स्वच्छ खानेपानी र सरसफाइको विषय समावेश छ । तर २०३० सम्म सबैलाई स्वच्छ र सुरक्षित पानी पुर्‍याउने र पूर्ण रूपमा सरसफाइ हुने अवस्थामा पुर्‍याउने कार्यमा प्रगति भने सुस्तगतिमा भइरहेको छ । यसै तथ्यलाई मध्यनजर गर्दै राष्ट्रसङ्घले यस वर्षको नारा तय गरेको हो ।

राष्ट्र सङ्घका अनुसार विश्वका साँढे तीन अर्ब मानिस अझै पनि शौचालयको सुविधाबाट वञ्चित छन् । त्यसमध्ये ४१ करोड ९० लाख मानिस त अझै पनि खुलास्थानमा दिसापिसाब गर्छन् । खुला दिसापिसाबका कारण फैलने रोगले दैनिक एक हजार बालबालिकाको मृत्यु हुने गरेको छ ।

सुरक्षित शौचालय, पूर्ण सरसफाइ र सबैका लागि स्वच्छ पानीको लक्ष्य हासिल गर्न हामीसँग अब सात वर्षमात्र बाँकी छ । यो लक्ष्य हासिल गर्न हामीले अहिले गरेको कामको गति पाँच गुणा तीव्र बनाउनु आवश्यक रहेको इञ्जिनीयर रामदीप साहको भनाइ छ । नेपालले १९ असोज २०७६ मा खुला दिसामुक्त र पूर्ण सरसफाइमा अग्रसर राष्ट्र घोषणा गरेको छ ।

सरकारले सन् २०११ देखि हरेक जिल्लालाई खुला दिसामुक्त घोषणा गर्न थालेको थियो । सबैभन्दा पहिला कास्की खुला दिसामुक्त घोषणा भएको थियो । झण्डै नौ वर्षको अनवरत प्रयासपछि २०१९ को सेप्टेम्बर ३० मा यो उपलब्धि हासिल भएको थियो । नेपालमा पूर्ण सरसफाइको अवधारणालाई सन् २००० देखि राष्ट्रिय सरसफाइ सप्ताहका रूपमा कार्यान्वयनमा ल्याइएको थियो । सन् २००३ देखि समुदायको अगुवाइमा यो अभियान बढाइएको थियो ।

सन् २००८ लाई संयुक्त राष्ट्रसङ्घले अन्तर्राष्ट्रिय सरसफाइ वर्षका रूपमा घोषणा गरेपछि यसले व्यापक जनजागरण ल्याएको तथ्य पेस गर्दै इञ्जिनीयर साहले सन् २०११ मा सरसफाइ गुरुयोजना नै बनाएर सरसफाइका सूचक र चरण निर्धारण गरिएको जानकारी दिनुभयो ।

सोही गुरुयोजनाअनुसार आधार भूतस्तरको सरसफाइ सुनिश्चित गर्ने उद्देश्यले सन् २०१७ सम्म प्रत्येक घरमा चर्पी बनाउने अभियान सञ्चालन गरिएको थियो । नेपाललाई सन् २०१७ मा नै खुला दिसामुक्त राष्ट्र घोषणा गर्ने लक्ष्य दुई वर्ष ढिलो गरी २०१९ सेप्टेम्बर ३० मा हासिल हुनसक्यो । दक्षिण एशियाकै पहिलो खुला दिसामुक्त राष्ट्र बनेर नेपालले शौचालय निर्माणमा महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ । तर, पूर्ण सरसफाइको लक्ष्य हासिल गर्ने विषयमा अझै धेरै काम गर्न बाँकी रहेको इञ्जिनीयर साहको भनाइ छ ।

संयुक्त राष्ट्रसङ्घको खानेपानी तथा सरसफाइ हेर्ने निकाय युएन वाटरले सार्वजनिक गरेको विवरणअनुसार नेपालको ५१ प्रतिशत जनसङ्ख्याले मात्र सुरक्षित सरसफाइ सेवा उपयोग गरेका छन् । आगामी सात वर्षभित्रमा झण्डै आधा जनसङ्ख्यालाई यस्तो सेवा पुर्‍याउनुपर्ने पर्ने अवस्था छ । नेपालका ६४ प्रतिशत जनसङ्ख्यामा साबुन पानीले हात धुने सुविधा प्राप्त छ । यसलाई पनि शतप्रतिशत पुर्‍याउनुपर्नेछ । घरबाट निस्कने फोहर पानीको प्रशोधन तथा सही व्यवस्थापन ३९ प्रतिशतमात्र हुनसकेको छ । बाँकी ६१ प्रतिशत फोहर पानीको प्रशोधन र सही व्यवस्थापन गर्ने चुनौती बाँकी नै छ ।

नेपालमा सहरीकरण तीव्र गतिमा बढेको तर त्यही गतिमा सहरी पूर्वाधार खास गरेर ढल र नालीका पानी बग्ने संरचनाको उचित व्यवस्थापनको काम गर्न बाँकी रहेको उहाँको भनाइ छ । विश्व शौचालय दिवस १९ नोभेम्बरको अवसर पारेर स्मार्ट वास सोलुसनले वाटर एड नेपाल र एसएनभी नेपालसँगको सहकार्यमा शुक्रबार एक कार्यक्रमको आयोजना गरिएको पूर्वमन्त्री साहले जानकारी दिनुभयो ।

संयुक्त राष्ट्रसङ्घले तय गरेको मूल नारा तीव्र परिवर्तनलाई सहयोग पुग्ने गरी तय गरिएको सार्वजनिक शौचालयको व्यवस्थापन विषयको सेरोफेरोमा रहेर सो कार्यक्रममा विज्ञले पाँच वटा कार्यपत्र प्रस्तुत गर्ने कार्यक्रम तय भएको छ । छलफलबाट प्राप्त निष्कर्ष र सुझाव सरकार र सरसफाइमा संलग्न राष्ट्रसङ्घीय निकाय समक्ष प्रस्तुत गरिनेछ । यसले राष्ट्रसङ्घद्वारा निर्धारित गरिएको दिगो विकास लक्ष्य प्राप्त गर्ने नेपालको कार्यक्रमलाई गति दिन सघाउने विश्वास व्यक्त गरिएको छ । नागरिकको स्वास्थ्य अवस्थामा सुधार ल्याउने, सहर र मानव बस्ती स्वच्छ र सफा राख्ने, मानव सभ्यता र संस्कार विकसित गर्ने अभियानलाई घरघर र जनजनमा पुर्‍याउनु जरुरी रहेको पूर्वमन्त्री साहले उल्लेख गर्नुभयो । रासस

# कोशी प्रदेशमा मन्त्री बन्न दौडधुप

**टुडे समाचारदाता**

विराटनगर । कोशी प्रदेशका तत्कालीन मुख्यमन्त्री उद्धव थापाको क्याबिनेटबाट २६ दिनका लागि मन्त्री बनेका एक नेताले आफू हट्नुपरेपछि भने, 'आखिरमा मन्त्री भइहालियो, घरमा कुकुर मरे पनि मन्त्रीको घरमा कुकुर मरेछ भनिहाल्छन् । अरू त त्यस्तै हो ।'

अनौपचारिक रूपमा उनले भनेको कुरा सुन्नेहरू भने गलल्ल हाँसे । तर उनले कोशी प्रदेशमा बढ्दो राजनीतिक बेथितिका सम्बन्धमा सटिक व्यङ्ग्य गरेका थिए ।

कोशी प्रदेशसभाको दोस्रो कार्यकालको ११ महिनामा २२ जना मन्त्री बनेका छन् । मन्त्री बनेका २२ जनामध्ये १५ जना अधिकतम ३५ दिनसम्म मात्रै पदमा बस्न पाए । ६ मन्त्रीको कार्यकाल भने १४२ दिनदेखि १७९ दिनको बिचमा रह्यो ।


गत मङ्सिरमा सम्पन्न निर्वाचनपछि कोशी प्रदेशमा पाँचौँ मुख्यमन्त्री बनेका छन् केदार कार्की । यसअघि दुई पटक हिक्मतकुमार कार्की र दुई पटक उद्धव थापा (एक पटक असंवैधानिक र एक पटक संवैधानिक) मुख्यमन्त्री बनिसकेका छन् ।

असोज २७ गते नियुक्त भएका मुख्यमन्त्री कार्कीले दोस्रो पटक मन्त्रीमण्डल विस्तार गरिसके । तर, उनले मन्त्रीमण्डललाई पूर्णता दिन अझै सकेका छैनन् । केन्द्रीय सत्ता गठबन्धन दलका नेताहरु भागबण्डा टुङ्ग्याउनका लागि छलफल गरिरहेका छन् । उनीहरूको छलफलको विषय कति मन्त्रालय कुन दलले लिने भन्ने विषय मै केन्द्रित छ ।

तर, सरकारको न्यूनतम साझा कार्यक्रम के हुने ? प्रदेशको समृद्धि कसरी गर्ने ? केन्द्रसँग अधिकारको माग कसरी गर्ने ? भन्नेजस्ता विषयमा भने दलहरूबिच कुनै छलफल भएको छैन ।

दलहरूले मन्त्री र मन्त्रालयको भागबण्डा टुङ्गो लगाउने विषयमा छलफल चलाइरहँदा त्यही तालमा सांसदहरू भने मन्त्रालय-मन्त्रालय पुगेर मेरो क्षेत्रमा यति बजेट चाहियो, उति बजेट चाहियो भनेर मागिरहेका छन् । जनताको अपेक्षा अनुसार बजेट माग गर्नु जायजै हो । तर, प्रदेशको आर्थिक अवस्थाको सामान्य आँकलन पनि नगरी सांसदहरू बजेटको माग गर्ने गरेको मुख्यमन्त्री कार्यालय स्रोत बताउँछ ।

'कतिपय सांसदले विगतमा सम्झौता अवधि सकेर काम नभएका आयोजनामा जबरजस्ती काम गराएर बजेट माग गर्ने चलन पनि देखिएको छ,' उक्त स्रोतले भन्यो, 'प्रत्येक सांसदहरूले आ-आफ्नो निर्वाचन क्षेत्रमा मात्रै ध्यान दिन्छन्, समग्र प्रदेशको अवस्थाबारे ध्यान दिएका छैनन् ।'



**बजेट कब्जा गर्ने होड**

कोशी प्रदेशमा हाल अध्यादेशबाट ल्याएको बजेट कार्यान्वयनमा छ । कार्की नेतृत्वको सरकारले आगामी मङ्सिर १६ गतेसम्ममा बजेट प्रतिस्थापन विधेयक प्रदेशसभामा ल्याएर पारित गरिसक्नु पर्नेछ । त्यसको तयारीमा सरकार लागेको छ । मुख्यमन्त्री कार्यालयले तिहार पर्व सुरु हुनुभन्दा अगाडि नै सबै मन्त्रालयका सचिवहरूलाई आ-आफ्ना मन्त्रालयको योजनाहरू संशोधन गरेर ल्याउन निर्देशन दिइसकेको छ ।

तर, सत्तारुढ दलका नेताहरूबिचमा भने प्रतिस्थापन विधेयक ल्याउँदा बजेट विनियोजन कसरी गर्ने, विभागीय मन्त्रीहरू नियुक्त गरेर मात्रै बजेट ल्याउने कि बजेट ल्याएपछि मात्रै मन्त्रीहरूलाई जिम्मेवारी दिने भन्ने विषयमा सहमति जुट्न सकेको छैन ।

मुख्यमन्त्री कार्की बजेट ल्याएर मात्रै मन्त्रीहरू थप गर्दै मन्त्रालयको जिम्मेवारी बाँडफाँट गर्ने तयारीमा छन् । तर, कांग्रेस, माओवादी र नेकपा एकीकृत समाजवादीका प्रदेशस्तरीय शीर्ष नेता भने मन्त्रीमण्डललाई पूर्णता दिएर र मन्त्रालयगत जिम्मेवारी बाँडफाँट गरेर मात्रै बजेट प्रतिस्थापन गर्नुपर्नेमा जोड दिँदै आएका छन् ।

यस्तो टसलको मुख्य कारण पनि बजेट कब्जा गर्ने प्रयास नै हो । मुख्यमन्त्री आफ्नो तरिकाले बजेट ल्याउन चाहन्छन् भने दलहरु भागबण्डाको आधारमा बजेट वितरण हुनुपर्ने बताउँछन् ।

'संशोधन गर्न सकिने बजेटको आकार कति हो ? त्यस विषयमा हामी विवरण सङ्कलन गरिरहेका छौँ,' मुख्यमन्त्री कार्यालय स्रोतले भन्यो, 'त्यो विवरण आएपछि गठबन्धन दलहरूले छानेका कुन-कुन आयोजनालाई बजेट विनियोजन गर्ने भन्ने सहमति होला ।'

पूर्व मुख्यमन्त्री तथा नेकपा एकीकृत समाजवादीका नेता राजेन्द्रकुमार राई भने यसअघि आफू मुख्यमन्त्री हुँदा स्रोत सुनिश्चितता बिना ठेक्का आह्वान गरेका भोजपुरको आयोजनामा पर्याप्त बजेट हुनुपर्ने लबिडमा छन् । उनले भोजपुर-तीनतले सडक खण्ड कालोपत्रे, दिङ्ला-तीनतले सडक खण्डलगायतको आयोजनाका लागि झण्डै २ अर्ब बजेटको स्रोत सुनिश्चित हुनुपर्नेमा जोड दिएका छन् ।

यसअघि हिक्मतकुमार कार्की मुख्यमन्त्री हुँदा राईले छनौट गरेका यी आयोजनामा बजेट कटौती गरिदिएका थिए । ती आयोजनासँगै आफ्नो पार्टी र सांसदले छनौट गरेका अरू आयोजनामा पनि बजेट दिनुपर्ने नेता राईको दाबी छ ।

यस्तै मुख्यमन्त्री कार्की स्वयं पनि आफ्नो निर्वाचन क्षेत्रमा केही ठुला आयोजना सुरु गर्ने तयारीमा छन् । उनले आफ्नो निर्वाचन क्षेत्रमा नमुना बस्ती बनाइरहेका छन् । यस्तै प्रदेश सरकारको मन्त्रालय तथा भौतिक संरचना निर्माणका लागि आफ्नै निर्वाचन क्षेत्रमा जग्गा प्राप्ति गर्ने मुख्यमन्त्रीको विश्वास छ ।

यसअघि उनै कार्की प्रदेश सरकारका संरचना निर्माणका लागि जग्गा प्राप्ति समितिका संयोजक थिए ।

यस्तै सत्ता गठबन्धन दल माओवादी केन्द्रका नेता इन्द्रबहादुर आङ्बो पनि यसअघि सुरु गरेका कार्यक्रममा पर्याप्त बजेट लैजान चाहन्छन् । यसअघि भौतिक पूर्वाधार विकास मन्त्री बनेका कांग्रेसका नेता हिमाल कार्की पनि आफूले सुरु गरेका आयोजनाका लागि पर्याप्त बजेट लैजान चाहन्छन् ।

उता, कांग्रेस दलका नेता उद्धव थापा पनि झापामा बजेट केन्द्रित गर्न चाहन्छन् । प्रतिपक्षी दलका नेता हिक्मतकुमार कार्की तथा राप्रपा दलका नेता भक्तिप्रसाद सिटौला पनि अध्यादेशबाट ल्याएको बजेटमा उल्लेख गरिएका योजना कटौती नहोस् भन्ने चाहन्छन् ।

छिट्टै मन्त्रीमण्डल विस्तार गर्ने बुझेका सत्ता गठबन्धनका सांसदहरू भने मन्त्री बन्ने तीव्र लबिङमा छन् । मन्त्री बनेको अवस्थामा मन्त्रीको ट्याग लाग्नेमात्रै नभएर मन्त्रालयगत बजेट आ-आफ्नो क्षेत्रमा लान सकिने उनीहरूको दाउ छ ।

तर, दलका नेता, मन्त्री र सांसदहरूमा समग्र प्रदेशको विकास र समृद्धि कसरी हुन्छ भन्ने विषयमा बहस भएको छैन । मुख्यमन्त्री निकट स्रोतले दिएको जानकारी अनुसार छिटै प्रदेशको विकास र समृद्धिका सम्भावनाबारे बृहत् छलफल राख्ने तयारी गरिएको छ ।


मधेश प्रदेश सरकार

**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**

**स्वास्थ्य निर्देशनालय**

**प्रादेशिक अस्पताल जलेश्वर, महोत्तरी**

**जलेश्वर, नेपाल**

## अस्थायी दरबन्दी करार सेवामा जनशक्ति लिने सम्बन्धी दरखास्त आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०/०८/०१**

यस अस्पतालको स्वीकृत अस्थायी दरबन्दीको रिक्त पदमा करार सेवाद्वारा भर्ना गर्नुपर्ने भएकोले तपसिलका योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र आवेदन दिनु हुन अनुरोध छ ।

**तपसिल**

| सि.नं. | पद | तह | संख्या | किसिम | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १ | कन्सल्टेन्ट अब्स्टेट्रिसियन एण्ड गाइनोकोलोजिष्ट | ९ | १ | खुला | सम्बन्धित विषयमा स्नातकोत्तर |
| २ | कन्सल्टेन्ट सर्जन | ९ | १ | खुला | सम्बन्धित विषयमा स्नातकोत्तर |
| ३ | कन्सल्टेन्ट अर्थोपेडिक सर्जन | ९ | १ | खुला | सम्बन्धित विषयमा स्नातकोत्तर |
| ४ | कन्सल्टेन्ट साइक्याट्रिष्ट | ९ | १ | खुला | सम्बन्धित विषयमा स्नातकोत्तर |
| ५ | कन्सल्टेन्ट एनेस्थेसियोलोजिष्ट | ९ | १ | खुला | सम्बन्धित विषयमा स्नातकोत्तर |
| ६ | कन्सल्टेन्ट रेडियोलोजिष्ट | ९ | १ | खुला | सम्बन्धित विषयमा स्नातकोत्तर |
| ७ | बायोमेडिकल टेक्निसियन | ५ | १ | खुला | आइ.एस.सी. वा विज्ञान विषय लिई वाह्र कक्षा उत्तीर्ण गरी वायोमेडिकल टेक्निसियनमा कम्तीमा एक वर्षको तालीम वा वायोमेडिकल इक्विपमेण्टमा एक वर्षको तालिम वा बायोमेडिकल इन्जिनियरिङ्गमा प्रमाणपत्र तह उत्तीर्ण |
| ८ | हलुका सवारी चालक (ह.स.चा.) | श्रेणी विहिन | १ | खुला | चालक अनुमतिपत्र सहित साधारण लेखपढ |

**तपसिल**

क) **दरखास्त दिने अन्तिम मिति** : २०८०/०८/१५ गते कार्यालय समय भित्र ।

ख) **दरखास्त दिने स्थान** : यस अस्पतालको वेवसाइट www.jaleshwarhospital.com बाट फारम डाउनलोड गरी आफ्नो सम्बन्धित कागजातहरु, दरखास्त तथा नगदी भौचर सहित अस्पतालको प्रशासन शाखामा कार्यालय समय भित्र ।

ग) **पेश गर्नुपर्ने कागजातहरु** : नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी, सम्बन्धित विषयको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, काउन्सिलमा दर्ता भएको प्रमाणपत्र/नविकरणको प्रतिलिपी तथा कार्यअनुभव पत्र । ह.स.चा.को हकमा चालक अनुमतिपत्रको प्रमाणित प्रतिलिपी ।

घ) **परिक्षा दस्तुर** : यस अस्पतालको रा.बा.बैंक जलेश्वरमा राजश्व खाता नं. १०००२०००१००००, राजश्व शिर्षक अन्य प्रशासनिक शुल्क (१४२२९) र कार्यालय कोड ३५०००१८०१२ मा अधिकृत स्तरको लागि १०००।-(एक हजार मात्र), सहायक स्तरको लागि ६००।-(छ सय मात्र) र श्रेणी विहिनको लागि रु.४००।- (चार सय मात्र) बैंक भौचर आवेदनसहित पेश गर्नुपर्ने छ ।

ङ) **उमेरको हद** : मधेश प्रदेश लोकसेवा आयोगले तोकेको नियमानुसार ।

च) **परीक्षाको किसिम** : अन्तर्वाता ।

छ) **परीक्षाको मिति** : सम्पर्क मितिमा तोकिने छ ।

ज) **सम्पर्क मिति** : २०८०/०८/२० गते ।

झ) **कार्यअवधि/जिम्मेबारी/तलव अन्य सुविधा** : मधेश प्रदेश सरकारको नियमानुसार ।

ञ) यसमा छुटेका बुँदाहरु प्रचलित कानुन बमोजिम लागु हुने छ ।

**अस्पताल प्रशासन**

# सयौँ रोहिङ्ग्या शरणार्थी डुङ्गाबाट पश्चिमी इन्डोनेसिया पुगे

दुई सय ५० रोहिङ्ग्या शरणार्थी लिएर एउटा डुङ्गा बिहीबार बङ्गलादेशबाट इन्डोनेसिया पुगेको एक स्थानीय अधिकारीले बताएका छन् । योसँगै गत सातामा इन्डोनेसियामा यस्तो आगमन संख्या करिब छ सय पुगेको छ ।



**एएफपी**

इन्डोनेसिया । दुई सय ५० रोहिङ्ग्या शरणार्थी लिएर एउटा डुङ्गा बिहीबार बङ्गलादेशबाट इन्डोनेसिया पुगेको एक स्थानीय अधिकारीले बताएका छन् । योसँगै गत सातामा इन्डोनेसियामा यस्तो आगमन संख्या करिब छ सय पुगेको छ ।

अधिकांश मुस्लिम रोहिङ्ग्याले म्यान्मामा व्यापक उत्पीडनको सामना गर्नुपरेको छ र उनीहरू प्रत्येक वर्ष आफ्नो ज्यानलाई जोखिममा राखेर प्राय कमजोर डुङ्गामा मलेसिया वा इन्डोनेसियासम्म पुग्ने प्रयासमा लामो र महङ्गो समुद्री यात्रा गर्छन् ।

पुलो पिन्युङ मेउनासाह गाउँका प्रमुख मुख्तारुद्दीनका अनुसार बिहीबार आएका रोहिङ्ग्याहरूले मुलुकको पश्चिमी प्रान्त आचेको समुद्री तटबाट करिब एक सय मिटर पानीमा पर्खिरहेका थिए । केही गाउँलेले शरणार्थीहरूलाई डुङ्गाबाट ओर्लनबाट रोकिरहेका थिए ।

रोहिङ्ग्या शरणार्थी मन्जुर आलमका अनुसार बङ्गलादेशको कक्स बजारबाट २० दिनअघि ५४ शिशु र बालबालिका, ७९ पुरुष र एक सय आठ महिलासहित दुई सय २९ जना डुङ्गामा सवार थिए । बङ्गलादेशको कक्स बजारमा करिब १० लाख रोहिङ्ग्या शरणार्थी बस्दै आएका छन् ।

आलमले भन्नुभयो, "डुङ्गामा धेरै साना बालबालिका छन्, कृपया उनीहरूलाई जोगाउनुहोस्, उनीहरू धेरै भोका छन् किनकी उनीहरूले केही खान पाएका छैनन् ।"

स्थानीय अधिकारीहरूका अनुसार नयाँ आगमनसँगै पछिल्लो ७२ घन्टामा इन्डोनेसियामा आउने रोहिङ्ग्याहरूको कूल स¤्या करिब छ सय भएको छ । संयुक्त राष्ट्रसङ्घका अनुसार बङ्गलादेशमा करिब नौ लाख ६० हजार रोहिङ्ग्या शरणार्थी छन् । तीमध्ये अधिकांश सन् २०१७ मा म्यान्मामा सेनाको हिंसात्मक कारवाहीपछि भागेका हुन् । उक्त नरसंहारको अनुसन्धान राष्ट्रसङ्घले गरिरहेको छ ।

राज्यविहीन र उत्पीडित अल्पस¤्यक रोहिङ्ग्या भिडभाड भएको, खतरनाक र कम स्रोत भएका राहत शिविरहरूमा बस्छन् । उनीहरूको स्वदेश फिर्तीका लागि भएका पछिल्ला कयौँ प्रयास म्यान्मा र स्वयं शरणार्थीहरूको अनिच्छाका कारण असफल भएको छ ।

बुधबार एक सय ४७ शरणार्थीलाई लिएर एउटा डुङ्गा आचेको पिडी क्षेत्रमा पुगेको स्थानीय अधिकारी इहसानले बताउनुभयो । स्थानीय नौसेना कमान्डर एन्डी सुशान्तोका अनुसार एक दिनअघि एक सय ९६ शरणार्थीको समूह सोही क्षेत्रमा उत्रिएको थियो । मार्चमा एक सय ८४ रोहिङ्ग्या शरणार्थी पूर्व आचे सहर प्युरुलक पुगेका थिए ।

राष्ट्रसङ्घीय शरणार्थी एजेन्सी (युएनएचसिआर) ले रोहिङ्ग्याको नयाँ आगमनमा सहयोगका लागि स्थानीय अधिकारीहरूसँग समन्वय गरिरहेको एजेन्सीको इन्डोनेसिया प्रवक्ता मित्र सलिमा सुर्योनोले बताउनुभयो ।


"युएनएचसिआरकोप्राथमिकता भनेको रोहिङ्ग्या शरणार्थीहरूको सुरक्षा र स्वास्थ्य हेर्नु हो, उनीहरूमा धेरै महिला र बालबालिका छन् जो असुरक्षित छन् । उनीहरूको सुरक्षाका साथै आपत्कालीन सहयोगको पनि आवश्यकता छ", उहाँले भन्नुभयो, "स्थानीय अधिकारी र बासिन्दाहरूले शरणार्थीहरूका लागि ठाउँ दिन र उनीहरूलाई डुङ्गाबाट ओर्लन अनुमति दिन्छन् भन्ने हाम्रो अपेक्षा छ ।"

युएनएचसिआरका अनुसार दुई हजारभन्दा धेरै रोहिङ्ग्याले सन् २०२२ मा दक्षिणपूर्वी एसियाली मुलुकहरूको जोखिमपूर्ण यात्राको प्रयास गरेका छन् । गत वर्ष खतरनाक समुद्र पार गर्ने प्रयासमा करिब दुई सय रोहिङ्ग्या मारिएको वा हराएको युएनएचसिआरले बताएको छ ।

# बाइडेन र सीद्वारा सैन्य सम्बन्ध पुनःस्थापित

**एएफपी**

वुडसाइड । अमेरिकी राष्ट्रपति जो बाइडेन र उहाँका चिनियाँ समकक्षी सी जिनपिङ एक वर्षमा उहाँहरूको पहिलो शिखर सम्मेलनमा सैन्य सञ्चार पुनःस्थापना गर्न सहमत हुनुभएको छ ।



विश्वको सबैभन्दा ठूलो अर्थतन्त्र भएका यी दुई मुलुकबीचको बढ्दो तनावलाई द्वन्द्वमा परिणत हुनबाट रोक्ने उद्देश्यले चार घन्टाको वार्ताका क्रममा उहाँहरूले हात मिलाउनुभयो र ऐतिहासिक क्यालिफोर्निया एस्टेटको एक बगैँचामा टहलिनुभयो ।

चीनले अमेरिकामा घातक महामारीका लागि जिम्मेबार औषधिफेन्टेनाइलकोउत्पादनमाथि रोक लगाउने बारेमा पनि उहाँहरू सहमत हुनुभएको छ ।

चीन र ताइवानको 'पुनःएकीकरण' रोक्न नसकिने भन्दै चिनियाँ राष्ट्रपति सीले आफ्ना अमेरिकी समकक्षीसमक्ष ताइवानलाई हतियार आपूर्ति रोक्न आग्रह गरेसँगै दुवै नेताले ताइवानको विषयमा आफूलाई टाढा राख्नुभयो ।

सन् २०२२ नोभेम्बरमा बालीमा वार्तामा सहभागी भएयता यी दुई नेताबीच भेट भएको थिएन । यसै वर्षको फेब्रुअरीमा अमेरिकाले कथित चिनियाँ जासुसी बेलुनलाई गोली हानेपछि दुई मुलुकबीचको सम्बन्ध चिसिएको थियो ।

यद्यपि सन् २०११ देखि नै सीलाई चिनेको उल्लेख गर्दै बाइडेनले क्यालिफोर्नियाको फिलोली एस्टेटमा पत्रकार सम्मेलनमा भन्नुभयो, "हामीले अहिलेसम्मको सबैभन्दा रचनात्मक र फलदायी वार्ता गरेका छौं ।" द्वन्द्व वा आकस्मिक द्वन्द्वमा नफसियोस् भनेर अमेरिकाले दृढरूपमा प्रस्तुत हुँदै गएको चीनसँग 'जोडदार' तर 'जिम्मेबारीपूर्वक' प्रतिस्पर्धा गर्ने उहाँले बताउनुभयो ।

"हामी कुनै पनि फोन उठाउन सक्छौं, सिधै फोन गर्न सक्छौं र हाम्रो कुरा तुरुन्तै सुनिनेछ भन्नेबारेमा उहाँ र म सहमत भएका छौं", राष्ट्रपति बाइडेनले भन्नुभयो ।

उहाँका अनुसार सम्भावित द्वन्द्वबाट बच्न उच्चस्तरीय अमेरिका-चीन सैन्य सञ्चार पुनःस्थापना गर्न 'आलोचनात्मकरूमा महत्त्वपूर्ण' थियो । तत्कालीन अमेरिकी सभामुख न्यान्सी पेलोसीले ताइवानको भ्रमण गरेपछि चीनले सन् २०२२ जुनमा अमेरिकासँगको सैन्य सञ्चार तोडेको थियो ।

दुवै पक्ष कृत्रिम बौद्धिकता (आर्टीफिसियल इन्टेलिजेन्स) का साथै आगामी महिना दुबईमा हुने कोप२८ शिखर सम्मेलनअघि जलवायु परिवर्तनसम्बन्धी सहयोगलाई अझ गहिरो बनाउन सहमत भएका छन् ।

# अन्तर्राष्ट्रिय खगोल ओलम्पियाडमा नेपाललाई कास्यपदक

काठमाण्डु । कात्तिक २० देखि २८ गतेसम्म चीनको राजधानी बेइजिङमा भएको २७औँ अन्तर्राष्ट्रिय खगोल ओलम्पियाडमा नेपालले कास्यपदक जितेको छ । प्रतियोगितामा दृशान्तकुमार महर्जनले नेपालका लागि कास्यपदक दिलाएको नेपाल एष्ट्रोनोमिकल सोसाइटीका अध्यक्ष सुरेश भट्टराईले राससलाई जानकारी दिनुभयो ।

सोसाइटी सन् २०१८ देखि अन्तर्राष्ट्रिय खगोल ओलम्पियाडमा सहभागी हुँदै आएको छ । नेपालले यसअघि सन् २०१९ मा पनि ओलम्पियाडमा कास्यपदक जितेको थियो । सन् २०१४ देखि सुरु राष्ट्रिय एष्ट्रोनोमी ओलिम्पियाडबाट जीत हासिल गरेका विद्यार्थीले हरेक वर्ष विभिन्न अन्तर्राष्ट्रिय ओलम्पियाडमा भाग लिँदै आएका छन् ।

नेपालले सन् २०१४ देखि अन्तर्राष्ट्रिय खगोल तथा खगोल भौतिक विज्ञान ओलम्पियाडमा भाग लिँदै आएको छ । सोअन्तर्गत हालसम्म विद्यार्थीले नेपालका लागि १२ सम्मानार्थ पदक र दुई कास्यपदक हात पारेको छ । सन् २०२२ मा स्थापित अन्तर्राष्ट्रिय खगोल तथा खगोल भौतिक विज्ञान ओलम्पियाड-जुनियरमा हालसम्म नेपाली विद्यार्थीले तीन सम्मानार्थ पदक प्राप्त गरेको उहाँले सुनाउनुभयो ।

**के हो राष्ट्रिय एष्ट्रोनोमी ओलिम्पियाड**

राष्ट्रिय एष्ट्रोनोमी ओलिम्पियाड एक प्रारम्भिक प्रतिभा पहिचान शैक्षिक प्रतियोगता हो । यस प्रतियोगितामा सामेल भई उत्कृष्ट प्रदर्शन गर्ने विद्यार्थीलाई अन्तर्राष्ट्रिय प्रतियोगिताका लागि सिफारिस गरिँदै आएको सोसाइटीले जनाएको छ ।

सन् २०१४ देखि सञ्चालन गरिएको यस प्रतियोगिताबाट तीन हजारभन्दा बढी विद्यार्थीले आफ्नो प्रतिभा प्रस्तुत गरिसकेका छन् । यस कार्यक्रमले उत्कृष्ट ठहराएका विद्यार्थी देश तथा विदेशमा रहेका उत्कृष्ट विश्वविद्यालयमा अध्ययन गर्ने अवसर पाएका छन् ।

राष्ट्रिय एष्ट्रोनोमी ओलिम्पियाडमा कक्षा ८-१२ मा अध्ययनरत १३-२० वर्षका विद्यार्थीलाई समावेश गराइन्छ । प्रतियोगितासम्बन्धी थप जानकारी जान्न चाहनेले सोसाइटीको कार्यालयमा सम्पर्क गर्न सकिने अध्यक्ष भट्टराईले बताउनुभयो । रासस

# नेपाल हङकङसँग पराजित




काठमाण्डु । चार देश सम्मिलित टि ट्वान्टी शृङ्खलाअन्तर्गत बिहीबार भएको आफ्नो दोस्रो खेलमा नेपाल हङकङसँग पराजित भएको छ । हङकङ क्रिकेट क्लबको मैदानमा भएको खेलमा नेपाल हङकङसँग ९ विकेटले पराजित भएको हो । नेपालले दिएको ५७ रनको लक्ष्य हङकङले नौ ओभरमै एक विकेट गुमाउँदै पूरा गऱ्यो । यस हारसँगै नेपालको फाइन खेल्ने सपना समाप्त भएको छ ।

नेपाललाई पराजित गरेसँगै लगातार दुई जित निकालेको हङकङ भने प्रतियोगिताको फाइनलमा पुग्न सफल भयो । त्यस्तै समान दुई जित निकालेको तान्जेनिया पनि फाइनलमा पुगेको छ । हङकङको जितमा नताशा मिलेसले सर्वाधिक ३० रनको योगदान दिइन् । उनले २३ बल खेल्दै चार चौकाको मद्दतमा ३० रनको योगदान दिएकी हुन । त्यस्तै शानजिन शहजादले २० रन बनाइन् । मारिको हिलले ५ रन जोडिन् ।

त्यसअघि टस जितेर पहिला ब्याटिङ गरेको नेपाल १८ ओभरमा सबै विकेट गुमाउँदै ५६ रनको योगफल बनाएको थियो । खराब ब्याटिङ गरेको नेपालको लागि रविना क्षेत्रीले सर्वाधिक २५ रन बनाइन् । उनले ३० बलमा ४ चौकाको मद्दतमा २५ रन बनाएकी हुन् । रविनाबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन जोड्न सकेनन् ।

त्यसैगरी सीता रानामगरले ९ रन जोडिन भने रोमा थापाले ७ रन बनाइन् । नेपालले पाँच रनको कूल स्कोर जोड्दा चार विकेट गुमाएको थियो ।

नेपालले पहिलो विकेटका रुपमा ओपनर पूजा महतोलाई गुमाएको थियो । पूजा आठ बलमा चार रन जोड्दै आउट भएकी हुन् । सम्झना खड्कालाई नेपालले दोस्रो विकेटको रूपमा गुमायो । उनी एक रन जोड्दै आउट भएकी हुन् । तेस्रो विकेटका रूपमा नेपालले काजल श्रेष्ठलाई गुमाएको थियो । उनी रनको खाता नै नखोली पेभिलियन फर्किइन् । चौथो नम्बरमा ब्याटिङ समाल्न आएकी नेपाली टोलीकी कप्तान इन्दू बर्मा पनि शून्य रनमै आउट भइन् ।

बलिङतर्फ हङकङकी लक्रा साहरले तीन विकेट लिइन् भने रुचिथा भेनकातेसले दुई विकेट झारिन । त्यस्तै बेट्टी चान, मरिको हिल र करि चानले समान एक/एक विकेट लिए ।

पहिलो खेलमा नेपाल तान्जेनियासँग २७ रनले पराजित भएको थियो । चार देश सम्मिलित उक्त शृङ्खलामा आयोजक हङकङसँगै, नेपाल तान्जेनिया र जापान सहभागी छन् । प्रतियोगितामा शीर्ष दुई स्थानमा रहने टोलीले उपाधिका लागि खेल्नेछन् । अब नेपालले मङ्सिर २ गते जापानसँग खेल्नेछ । रासस

# सचिन तेन्दुलकरले भने- त्यो तन्नेरी केटो आज 'विराट' बन्यो



**एजेन्सी**

नयाँ दिल्ली । भारतीय क्रिकेटर सचिन तेन्दुलकरका नाममा रहेको 'एकदिवसीय खेलमा सर्वाधिक शतक बनाउने' खेलाडीको कीर्तिमान तोड्दै भारतकै विराट कोहलीले नयाँ रेकर्ड राखेका छन्। गत साता तेन्दुलकरको ४९ शतकको विश्व कीर्तिमान बराबरी गरेका कोहली बुधबार ५० शतक पूरा गर्ने पहिलो ब्याट्सम्यान बनेका हुन्।

कोहलीले आफ्नो नाममा रहेको विश्व कीर्तिमान भंग गरेसँगै सचिन तेन्दुलकरले सामाजिक सञ्जालमार्फत् खुसी व्यक्त गरेका छन्। उनले भारतीय क्रिकेट टिमको ड्रेसिङ रूममा पहिलोपटक विराट कोहलीलाई भेट्दाको क्षण सम्झँदै आफ्नो ट्विटरमा सन्देश लेखेका छन्।

**विराटलाई व्यक्तिगत सम्बोधन गर्दै सचिन लेख्छन् –**

'भारतीय टिमको ड्रेसिङ रूममा तिमीलाई पहिलोपटक भेट्दा साथीहरूले ठट्टा गर्दै मेरो खुट्टा छुन लगाएका थिए। त्यस दिन मैले आफ्नो हाँसो थाम्न सकेको थिइनँ। तर छिट्टै नै तिम्रो जोश र कौशलले मेरो मुटु छोयो। त्यस दिन मैले भेटेको त्यो तन्नेरी केटो आज 'विराट' खेलाडी बनेकोमा म अत्यन्तै खुसी छु।'

**तेन्दुलकर अगाडि लेख्छन् –**

'मेरो कीर्तिमान एक भारतीय खेलाडीले तोड्नुभन्दा ठूलो खुसीको कुरा अरू केही हुन सक्दैन। त्यसमाथि क्रिकेटको सबभन्दा ठूलो मञ्च – विश्वकप सेमीफाइनल – र मेरो घरेलु मैदानमा कीर्तिमान तोडिनु मेरो लागि सुनमा सुगन्ध हो।'

गत साता नै ३५ वर्ष पूरा गरेका कोहलीले आइसिसी एकदिवसीय क्रिकेट विश्वकपको सेमीफाइनलमा न्युजिल्यान्डविरूद्ध ११७ रन बनाएसँगै एकदिवसीय खेलमा सर्वाधिक शतक बनाएका हुन्।

उक्त खेल सचिनको घरेलु मैदान मुम्बईको वाङखेडे रंगशालामा भएको थियो। समग्र क्रिकेटमा सर्वाधिक शतक बनाउने कीर्तिमान भने सचिनकै नाममा छ। सचिनले टेस्टमा ५१ र एकदिवसीय खेलमा ४९ गरी कुल १०० शतक प्रहार गरेका थिए। कोहलीको कुल अन्तर्राष्ट्रिय शतक भने ८० पुगेको छ।

उनी अन्तर्राष्ट्रिय क्रिकेटमा सर्वाधिक शतक प्रहार गर्ने खेलाडीको सूचीमा सचिनपछि दोस्रो स्थानमा छन्। कोहलीले एकदिवसी खेलमा ५०, टेस्टमा २९ र टी-२० मा एक शतक प्रहार गरेका छन्।

# खेल सामग्री हस्तान्तरण

काठमाण्डु । कोटेश्वर तेक्वान्दो डोजाङलाई सहयोगस्वरुप रु २० लाख बराबरको खेल सामग्री प्रदान गरिइएको छ । बिहीबार यहाँ आयोजित एक कार्यक्रममा दक्षिण एसियाली खेलकुद प्रतियोगिता (साग) मा स्वर्णपदक विजेता निर्मल र निराजन श्रेष्ठले डोजाङका प्रमुख एवं तेक्वान्दोका मुख्य प्रशिक्षक नवीनकुमार श्रेष्ठलाई दुई 'सेट प्रोटेक्टर इलेक्ट्रोनिक सिस्टम' हस्तान्तरण गर्नुभयो ।

सो अवसरमा डोजाङका प्रशिक्षक, खेलाडी, तेक्वान्दोकोम्योरेगी, पुम्से र पारा अन्तर्राष्ट्रिय निर्णायक एवं नेप्लिज तेक्वान्दो एकेडेमीका अध्यक्ष अशोक खड्कालगायतको उपस्थिति रहेको थियो ।

उक्त सामग्री खरिद गर्न श्रेष्ठदाजुभाइसहित अस्ट्रेलियाका सक्षम कार्की, रञ्जन श्रेष्ठ, मनोज मल्ल, ज्ञानेन्द्र मल्ल र भुपेन श्रेष्ठ तथा मकाउ बस्ने राकेश केसीले सहयोग गर्नुभएको बताइएको छ । उहाँहरु सबै तेक्वान्दो खेलाडी हुनुहुन्छ । मुख्य प्रशिक्षक नवीनकुमार अनुसार सहयोगी सबै कोटेश्वर तेक्वान्दो डोजाङका उत्पादन हुन् । निर्मल र निराजनले पाकिस्तानमा भएको नवौँ दक्षिण एसियाली खेलकुदमा नेपाललाई स्वर्ण पदक दिलाउनुभएको थियो । दुवै विगत १८ वर्षदेखि अमेरिका बस्दै आउनुभएको छ ।

कार्यक्रममा निराजनले नेपालकै चर्चितमध्येको एक र राष्ट्रलाई थुप्रै अन्तर्राष्ट्रिय पदक दिलाएका खेलाडी उत्पादनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको कोटेश्वर तेक्वान्दो डोजाङलाई सहयोग गर्न पाउदा खुसी लागेको जनाउँदै खेलाडीको समस्यामा हरदम सधै साथ रहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

निराजनले भन्नुभयो, "म र मेरो दाइ (निर्मल) पनि कोटेश्वर तेक्वान्दो डोजाङकै खेलाडी हौँ । मेरो दाइ (नवीन) हाम्रो गुरु हुनुहुन्छ । कोटेश्वर तेक्वान्दो डोजाङको काम प्रशंसनीय छ । खेलाडी उत्पादनमा डोजाङको भूमिका महत्वपूर्ण छ । त्यसैले हामी आफै र अरुसँग पनि सहयोग जुटाएर सानै भए पनि सहयोग गरौँ भनेर सामग्री दिएका हौँ । आउने दिनमा पनि सक्दो सहयोग गर्छौ ।"

निर्मलले आफू विदेशमा भए पनि नेपाली तेक्वान्दो खेलाडीलाई सधै सहयोग गर्ने जानकारी दिँदै खेलाडीलाई अनुशासित र लगनशील भएर खेलमा लाग्न सुझाब दिनुभयो । रासस

# बाबर आजमको राजीनामासँगै पाकिस्तानले तोक्यो टेस्ट र टी-२० का लागि छुट्टा-छुट्टै कप्तान

**एजेन्सी**

इस्लामाबाद । बाबर आजमले तीनवटै फर्म्याटको कप्तानीबाट राजीनामा दिएलगत्तै पाकिस्तानले शाहिन शाह अफ्रिदीलाई टी-२० क्रिकेटको नयाँ कप्तान र शान मसुदलाई टेस्ट कप्तान नियुक्त गरेको छ।

निकट भविष्यमा कुनै एकदिवसीय खेल तालिका नभएकोले पीसीबीले अहिलेसम्म ओडीआई कप्तानको नाम तोकेको छैन। मसूदको जसले एक दशकअघि आफ्नो टेस्ट डेब्यू गरेका थिए। तर केही वर्ष उनी टिममा परेका थिएनन्। पछिल्लो पटक श्रीलंकाविरुद्ध खेलेका उनले ३० टेस्ट खेलेका छन्। यता २३ वर्षीय अफ्रिदीले अष्ट्रेलियामा हुने टेष्टपछि पाकिस्तान पाँचवटा टी-२०




खेल्न न्यूजिल्याण्ड जादा टिमको कप्तानी गर्नेछन् । जुन २०२४ मा वेस्ट इन्डिज र अमेरिकामा हुने टी-२० विश्वकपका लागि उनका लागि कप्तानका लागि अनुभवी हुन ६ महिना समय हुनेछ।

अफ्रिदीले पाकिस्तान सुपर लिगमा लाहोर कलन्दर्सको कप्तानी गरेका थिए। कलन्दर्सले उनको नेतृत्वमा दुई उपाधि जित्दै उपाधि रक्षा गर्ने पहिलो टोली बनेको थिसयो।

पीसीबीले मसूद र शाहिनलाई कप्तान नियुक्त गरेको केही समयपछि मोहम्मद हाफिज टोली निर्देशक हुने घोषणा गरेको थियो।



छठ पर्व नजिकिँदै गर्दा सप्तरीको राजविराजमा केराको घारी किन्दै स्थानीय बासिन्दा। *तस्बिर : अरुणकुमार यादव/रासस*

# वाणिज्य बैंकका अधिकांश एटीएम 'आउट अफ सर्भिस'




**टुडे समाचारदाता**

काठमाण्डु । उपत्यकामा अधिकांस वाणिज्य बैंकका एटीएम 'आउट अफ सर्भिस' रहेको पाइएको छ । चाडबाडमा धेरै कारोबार हुने समयमा वाणिज्य बैंकहरूले सञ्चालन गरेको एटीएम बुथमा रकम नै नरहेको पाइएको हो ।

नेपाल सरकार र केन्द्रीय बैंक लगायत स्वयं वाणिज्य बैंकले समेत बैंकमा कम आउन सेवाग्राहीलाई प्रोत्साहन गर्ने नीति लिएका छन् । यसका लागि एटीएम र मोबाइल बैंकिङको प्रयोग गर्न सेवाग्राहीलाई प्रोत्साहन गर्ने नीति बैंकहरूको छ ।

तर, सबैभन्दा धेरै रकम खर्च हुने समयमा अधिकांश एटीएमका बुथहरू खाली रहेको पाइएको हो। यो समयमा वाणिज्य बैंकहरूको कार्यालय समेत खुल्दैन । दसैं र तिहारको समयमा सबैभन्दा धेरै कारोबार गर्ने नेपालीको प्रचलन छ । यही समयमा वाणिज्य बैंकहरूको बुथमा राखिएको रकम खाली भएपछि थप रकम नराख्दा 'आउट अफ सर्भिस' भएका हुन् ।

उपत्यकाका अधिकांश वाणिज्य बैंकको एटीएम बुथ खाली भएर 'आउट अफ सर्भिस' भएका छन् । पुतलीसडकमा रहेको एनआईएमबी बैंकको एटीएम बुथ २९ गते नै आउट अफ सर्भिस थियो । यसबाहेक, आज एनआईसी एसिया बैंकको एलआरआई स्कुल कलङ्की, ओम साइबाबा हस्पिटल, नर्सरी चोक, खरिबोटमा समेत सेवा उपलब्ध छैन ।

यसबाहेक सिद्धार्थ बैंकको नर्सरी चोक कलङ्की, ग्लोबल आईएमई बैंकको वनस्थली र खरिबोटका एटीएम बुथमा रकम छैन । यस्तै, प्रभु बैंकको ढुंगेधारा र बालाजु चोकमा रहेका एटीएम बुथमा आवश्यक रकम छैन । बैंकहरूले सञ्चालन गर्ने एटीएम बुथमा एक पटकमा १५ देखि १६ लाख रुपैयाँ रकम हुन्छ ।

तिहार अघि राखेको रकम सकिएकाले एटीएम बुथ आउट अफ सर्भिस भएको हुन सक्ने नेपाल बैंकर्स संघका निवर्तमान अध्यक्ष तथा नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्र ढुङ्गाना बताउँछन् । उनका अनुसार तिहारको समयमा धेरै रकम झिकिने भएकाले बुथ खाली भएका हुन सक्छन् । तर, बैंकहरूले बुथमा थप रकम राख्न नपाउँदा यस्तो समस्या आएको हुन सक्छ ।

# अधिकांश बैंकको मुद्दति निक्षेपको ब्याजदर एकल अंकमा

**टुडे समाचारदाता**

काठमाण्डु । मंसिरको लागि अधिकांश वाणिज्य बैंकको ब्याजदर एकल अंकमा आइपुगेको छ। बैंकहरूले सार्वजनिक गरेको सूचना अनुसार अब बैंकहरूले व्यक्तिगत मुद्दति निक्षेप (रेमिट्यान्स बाहेक) मा १०.६०३ प्रतिशत ब्याजदर दिने भएका छन्।

यसअघि कात्तिकको लागि वाणिज्य बैंकहरूले व्यक्तिगत मुद्दति निक्षेप (रेमिट्यान्स बाहेक) मा ११.००३ प्रतिशतसम्म ब्याजदर दिएका थिए. बैंकहरूको कर्जाको विस्तार निकै घटेपछि बैंकहरूले निक्षेपको ब्याजदर घटाएका हुन्।

पाँच वटा वाणिज्य बैंकले मुद्दति निक्षेपको ब्याजदरको माथिल्लो सीमा स्थिर नै राखेका छन्। माछापुच्छ्रे बैंकको भने ब्याजदर बढेर १०.६० प्रतिशत पुगेको छ।

एनआइसी एशिया र स्ट्याण्डर्ड चार्टर्ड बैंकले मुद्दति निक्षेपमा अधिकतम ब्याजदर ८.९७ प्रतिशत तोकेका छन्। यससँगै अब वाणिज्य बैंकहरूमा मुद्दति निक्षेपमा रकम राख्दा न्यूनतम ५.२५ प्रतिशतदेखि अधिकत्तम १०.६०३ प्रतिशतसम्म ब्याजदर पाइने भएको छ। रेमिटेन्स मुद्दति खातामा भने योभन्दा बढि ब्याजदर पाइन्छ।

अधिकतम १० प्रतिशतमाथि ब्याजदर दिनेमा मात्रै पाँच बैंक छन्। कुमारी, प्राइम, नेपाल एसबीआई, हिमालयन र माछापुच्छ्रे बैंकले मुद्दति निक्षेपमा यस्तो ब्याजदर दिएका हुन् । त्यस्तै ४ वटा वाणिज्य बैंकले साधारण बचतको ब्याजदर समेत बढाएका छन्। कृषि विकास, लक्ष्मी सनराइज, एनआइसी एशिया र एनएमबी बैंकले ब्याजदर बढाएका हुन् । मंसिरमा भने वाणिज्य बैंकहरूले साधारण बचतमा ४ प्रतिशतदेखि ७.६ प्रतिशतसम्म ब्याजदर दिने भएका छन्। कात्तिकमा वाणिज्य बैंकहरूले साधारण बचतमा न्यूनतम ४.२२४ प्रतिशतदेखि ८.००३ प्रतिशतसम्म ब्याजदर दिएका थिए।

| बैंक | मुद्दति | |
|---|---|---|
| | मंसिर | कार्त्तिक |
| एनएमबी | ८.५० देखि ९.७६ | ९.३३ देखि ११.००३ |
| प्राइम | १०.२५ | १०.२५ |
| कुमारी | ९.५१ देखि १०.०१ | ९.५१ देखि १०.०१ |
| नेपाल एसबीआइ | ७.६० देखि १०.६०३ | ७.६० देखि१०.७० |
| हिमालयन | ८.६०३ देखि १०.६०३ | ११.००३ |
| प्रभु | ९ | ७.२२४ देखि ९.२२४ |
| सिद्धार्थ | ८.४४ देखि ९.९९ | ८.४४ देखि ९.९९ |
| माछापुच्छ्रे | १०.६०३ | ९ देखि ९.९९ |
| राष्ट्रिय वाणिज्य | ९ | ९.५ |
| स्ट्याण्डर्ड चार्टर्ड | ५.२५ देखि ८.९७ | ५.५० देखि ९.२२ |
| एनआइसी एशिया | ८.९७ | ११ |
| लक्ष्मी सनराइज | १० | १० |
| नेपाल बैंक | ९.२२ | ९.२२ |
| कृषि विकास | ९.५१२ | ९.२६ देखि ९.७६ |
| सिटिजन्स | ९.६ | ९.९५ |
| ग्लोबल आइएमइ | ९.६ | १० |
| एभरेष्ट | ९ | ९.२२ |
| नबिल | ९.१ | ९.५ देखि १० |
| नेपाल इन्भेष्टमेन्ट मेगा | ९.५१ | ९ देखि १०.०१ |
| सानिमा | ९ | ९.२२४ |

नेपाल बैंक ८७ औँ वर्षमा प्रवेश

# ७१ जिल्लामा सञ्जाल, अत्याधुनिक बैंकिङ सेवा

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल बैंक आफ्नो ८६ औं वर्षको कार्यकाल सफलतापूर्वक पूरा गरी ८७ औं वर्षमा प्रवेश गरेको छ । यसै अवसरमा बैंकको प्रधान कार्यालयमा आयोजित रक्तदान कार्यक्रममा १५० जना रक्तदाताले भाग लिएका छन् । नेपाल बैंकले विज्ञप्तिमार्फत भनेको छ, 'नेपालको पहिलो बैंकलाई आधुनिक, सफल र नेतृत्वदायि बैंकको रुपमा यस अवस्थासम्म पुर्याउन साथ, सहयोग, समन्वय गर्ने सम्पूर्ण महानुभावहरुमा बैंक हार्दिक कृतज्ञता व्यक्त गर्दछ ।'

नेपालमा बैकिङ्ग प्रणालीको शुरुवात र विकासको हिसावले यो बैंक आजको बैकिङ्ग क्षेत्रमा आएको क्रान्तिको जग भएको विज्ञप्तिमा उल्लेख छ । भारतीय रुपैयाँको दबदवा रहेको समयमा आफ्नै देशको मुद्रा प्रचलनमा ल्याउन नेपाल बैंकले खेलेको भूमिका इतिहासका स्वर्णीम पानाहरुमा सदा लेखिइ रहने बैंकको भनाइ छ ।

वि.सं. १९९४ साल कार्तिक ३० गते स्थापना भएको बैंकको उद्धाटन तत्कालिन राजा त्रिभुवन विर विक्रम शाहले गरेका थिए । सार्वजनिक निजी साझेदारी (पीपीपी) मोडलमा १० जना लगानीकर्ताहरुले सुरु गरेको बैंकको चुक्ता पूँजी ८ लाख ४२ हजार र निक्षेप १७ लाख थियो भने लगानी १९ लाख थियो ।

'शताब्दीको हाराहारी अनुभव बटुलेको यस ऐतिहासिक बैकिङ्ग धरोहरले नेपाली मुद्रा र नेपाली नोट प्रचलनमा सहजता ल्याई राष्ट्रिय पहिचान र राष्ट्रिय एकताको प्रबर्द्धन गर्दै राष्ट्र निर्माणमा पुर्‍याएको योगदान विशेष रहेको छ', बैंकको भनाइ छ, 'नेपाल बैंकले आफनो स्थापना कालदेखि राष्ट्र बैंक स्थापना हुनुपूर्व वि.सं २०१२ सम्म देशको केन्द्रिय बैंकको रुपमा समेत कार्य गरी नेपालको बैंकिङ्ग क्षेत्रको अभिभावकीय भूमिका निर्वाह गरिसकेको छ । सो पश्चात बाणिज्य बैंकको रुपमा देशको विभिन्न कालखण्डमा विषम परिस्थितिका बावजुद ग्राहक वर्गको असिम विश्वास र भरोसालाई अक्षुण राख्दै अगाडि बढेको छ ।'

सरकारी स्वामित्व रहेको कारणले नाफा मात्र नभई उच्च सेवा भाव यस बैंकको मुख्य ध्येय रहेको बताइएको छ । ठूला उद्यमी व्यवसायी देखि न्यून आर्थिक स्तर भएका नेपालीजन सधैं बैंकको प्राथमिकतामा रहेको विज्ञप्तिमा उल्लेख छ । गाउँ, शहर, हिमाल, पहाड र तराई सबै क्षेत्रमा बसोबास गर्ने जनताको सेवामा अनवरत ८७ औं वर्षको सेवा प्रवाहमा नेपाल सरकारको नीति तथा कार्यक्रम हासिल गर्न टेवा दिँदै बैंकले औद्योगिकीकरण एवम् समृद्धिको लागि अहम् भूमिका खेलेको छ । यबैंकले समयसापेक्ष कर्मचारी क्षमतामा अभिवृद्धि गर्दै उत्कृष्ट प्रविधि मार्फत ग्राहक सेवामा व्यापक सुधार गरेको जनाइएको छ ।

यस्तै बद्दो प्रतिष्पर्धात्मक बैकिङ्ग व्यवसायमा यस बैंकले एक उत्कृष्ट बैंकको स्थान कायम राख्ने दिर्घकालीन रणनीतिका साथ अगाडि बढिरहेको छ । विगत लामो समयदेखि यस बैंकले उच्च नाफा आर्जन गरी शेयरधनीहरुलाई आकर्षक प्रतिफल दिँदै आएको छ । प्रविधिले ठुलो फड्को मारेको हालको विश्व वित्तीय बजारमा समयानुकुल नेपाल बैंक लिमिटेडले अन्तर्राष्ट्रिय असल अभ्यास सहितको प्रविधिमैत्री बैकिङ्गलाई आत्मसात गरी जनतालाई अझ सरल तथा सहज वित्तीय सेवा प्रदान गर्दै व्यापार, उद्योग व्यवसायको प्रवर्द्धन मार्फत समग्र आर्थिक विकास तथा रोजगारी सिर्जनामा अझ शसक्त भूमिका खेलेको छ । नेपालमा बैकिङ्ग साक्षरताको माध्यमबाट देशको कुनाकाप्चासम्म पुगेर बचत गर्ने संस्कृतिको विकास एवम् अनौपचारिक क्षेत्रबाट मात्र भईरहेको आर्थिक कारोवारलाई बैंकिङ्ग कर्मचारी मार्फत आधुनिक बैकिङ्ग सेवा विस्तारमा आक्रामक ढङ्गले प्रस्तुत भएको नेपाल बैंकले २ सय २८ शाखामार्फत कारोबार, २ सय ४ वटा एटीएम तथा ५८ वटा एक्सटेन्सन काउण्टर मार्फत देशैभर आफ्नो उपस्थिति जनाएको छ ।

बैंकले आफ्ना लगानीकर्तालाई आकर्षक प्रतिफल दिन पनि सफल भएको छ । बैंकका सबै वित्तीय सूचकहरु स्वस्थ र सन्तुलित देखिन्छन् भने हरेक वर्ष ती सूचकहरुमा उल्लेख्य प्रगति भइरहेको छ । ८७ बर्ष अघि ८ लाख ४२ हजार रुपैयाँबाट सुरु भएको नेपाल बैंकको चुक्ता पुँजी अहिले १४ अर्ब ६९ करोड छ । वि.सं. कहि सम्झौत नगर्ने बैंकप्रति आम जनताको आकर्षण बद्दै गईरहेको छ । यी सबै अवस्था र परिसूचकहरु विश्लेषण गर्दा नेपाल बैंक लिमिटेड एक अब्बल, सक्षम र नेतृत्वदायी बैंकको रुपमा स्थापित भएको छ ।

बैंकले ऐतिहासिक विरासतका साथ आधुनिक प्रविधिलाई अंगिकार गरि डिजिटल बैकिङ्ग सुविधाहरुको विकास र विस्तार गर्दै सेवाग्राहीहरुको अपेक्षा अनुरुप बैंकलाई गतिशील, सहज, आधुनिक, प्रविधिमैत्रि र प्रतिस्पर्धी बनाएको छ । सरकारको नीति अनुरुप कृषि, पर्यटन, जलविद्युत लगायतका क्षेत्रमा प्राथमिकताका साथ बैंकले उल्लेख्य




प्रणालीमार्फत व्यवस्थित गरी देशको आर्थिक विकासलाई प्रवर्द्धन गर्न यो बैंकको अग्रणी भूमिका रहेको छ ।

मुलुकको आर्थिक समृद्धिको खातीर सहरी इलाकादेखि दूरदराजका गाउँवस्तीसम्म शाखा कार्यालयहरु विस्तार गरि यस बैंकले आफूलाई समर्पित गरिरहेको विज्ञप्तिमा उल्लेख छ । बैकिङ्ग सेवा सँगै सरकार र समुदायसँग रहेर कार्य गर्ने सोच अनुरुप बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतका थुप्रै समाज सेवाका कार्यहरुमा निरन्तर साथ दिइरहेको छ ।

प्राकृतिक प्रकोप, माहामारी लगायतका संकटहरुमा अग्रपङ्तीमा रहि बैंकले अतुलनीय भूमिका निर्वाह गरिरहेको छ । त्यसैगरी, वित्तीय पहुंचको विस्तार एवं वित्तीय समावेशीकरण मार्फत आर्थिक समृद्धिको आधारशीला निर्माणमा टेवा पुर्‍याउन देशव्यापी रुपमा वित्तीय ज्ञान एवम् चेतना प्रदान गर्दै विभिन्न साक्षरता कार्यक्रमहरु सञ्चालन गर्दै आईरहेको छ ।

हाल ७१ जिल्लामा शाखा सन्जाल विस्तार गरी बाह्य श्रोत समेत करीव ३६०० २०८० आषाढ मसान्तसम्म २ खर्ब ४४ अर्ब निक्षेप संकलन गरी १ खर्ब ८४ अर्ब कर्जा प्रदान गर्न बैंक सफल भएको छ ।

प्रत्येक बर्ष सञ्चालन मुनाफा बढिरहेको छ भने बैंकको जगेडा कोषमा २१ अर्ब ८८ करोड रुपैयाँ रहेको छ । यस्तै पूँजी पर्याप्तता अनुपात १४ दशमलव ४९ प्रतिशत र ३६ अर्ब ५८ करोड भन्दा बढि नेटवर्थ रहेको छ ।

प्रशस्त अचल सम्पत्ति, निक्षेप, आधार दरको न्यूनता, स्प्रेड दर व्यवस्थापन, व्याजदरको कम उतार/चढाव, खराब कर्जा व्यवस्थापन लगायतका सूचकहरुमा समेत बैंक दरिलो देखिन्छ । बैंकले विगत आ.व. २०७६/७७ देखि आफ्ना शेयरधनीहरुलाई नियमित रुपमा वोनस शेयर तथा नगद लाभांश प्रदान गर्दै आईरहेको छ । निक्षेप, कर्जा, तरलता तथा पूँजी पर्याप्तता लगायत बैकका अधिकांश परिसूचकहरु सबल रहेका छन् । बैंकको आधारदर प्रतिष्पर्धी रहेको छ । बैंकका अधिकांश कारोबारहरु डिजिटल माध्यम मार्फत सञ्चालन भईरहेको छ । ग्राहक सेवाको गुणस्तरमा लगानी गरेको छ ।

परम्परागत बैकिङ्गबाट फड्को मार्दै नेपाल बैंकले आधुनिक बैकिङ्ग प्रणालीको पर्याय बनेको छ । यसका साथै सुरक्षित निक्षेप, सुलभ र सहज कर्जा, भरपर्दो रेमिट्यान्स, छिटो छरितो र सुरक्षित प्रतितपत्र, बैंक जमानत लगायत ट्रेड फाइनान्सका थुप्रै सुविधाहरु बैंकले उपलब्ध गराउँदै आईरहेको छ । जसले गर्दा ग्राहकको बैंक प्रतिको विश्वासलाई अझ मजबुत तथा प्रगाढ बनाएको छ ।

'सेवामा इमान्दारिता र व्यवसायिकता प्रस्तुत गर्न सकियो भने दिगो प्रतिफल सम्भव छ भन्ने अटल विश्वास हामी माझ स्थापित छ। आम नेपालीलाई सरल र सहज रुपमा अझ बढि प्रभावकारी, गुणस्तरीय, आधुनिक प्रविधिमैत्री एवं विश्वसनीय बैकिङ्ग सेवा प्रदान गर्ने हाम्रो अठोट छ। जस मार्फत राष्ट्रको उन्नति र प्रगतिमा अझ धेरै सहकार्य गर्ने र देशको आर्थिक निर्माणमा हामी सारथी बन्ने प्रतिबद्धता व्यक्त गर्दछौं', बैंकका प्रवक्ता प्रकाश कुमार अधिकारीले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

# युरो महंगिदा डलर घट्यो

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल राष्ट्र बैंकले बिहीबार सार्वजनिक गरेको विनिमय दर अनुसार डलरको भाउ घटेको छ भने युरोपयन युरो र अष्ट्रेलियन डलरको भाउ बढेको छ।

नेपाल राष्ट्र बैंकका अनुसार बिहीबार अमेरिकी डलर एकको खरिददर १३२ रूपैयाँ ७४ पैसा र बिक्रीदर १३३ रूपैयाँ ३४ पैसा तोकिएको छ। बुधबार डलरको खरिद १३३ रूपैयाँ ०४ पैसा र बिक्री १३३ रूपैयाँ ६४ पैसामा भएको थियो ।

युरोपियन युरो एकको खरिदमा १४४ रूपैयाँ २० पैसा र बिक्रीमा १४२ रूपैयाँ ८५ पैसा पाइन्छ। बुधबार युरोको खरिददर १४२ रूपैयाँ ६१ पैसा र बिक्रीदर १४३ रूपैयाँ २५ पैसा थियो। यस्तै क्यानेडियन डलर एकको खरिदमा ९६ रूपैयाँ ९५ पैसा र बिक्रीमा ९७ रूपैयाँ ३९ पैसा पाइन्छ ।

बिहीबार अष्ट्रेलियन डलर एकको खरिददर ८६ रूपैयाँ ५३ पैसा र बिक्रीदर भने ८६ रूपैयाँ ९२ पैसा तोकिएको छ ।

बिहीबार कतारी रियाल एकको खरिदमा ३६ रूपैयाँ ४० पैसा र बिक्रीमा ३६ रूपैयाँ ५७ पैसा पाइन्छ। राष्ट्र बैंकले साउदी अरेबियन रियाल एकको खरिददर आज ३५ रूपैयाँ ३९ पैसा र बिक्रीदर ३५ रूपैयाँ ५५ पैसा तोकेको छ ।

युएई दिराम एकको खरिदमा ३६ रूपैयाँ १४ पैसा र बिक्रीमा ३६ रूपैयाँ ३० पैसा पाइन्छ। मलेसियन रिंगिट एकको खरिदमा २८ रूपैयाँ ४१ पैसा र बिक्रीमा २८ रूपैयाँ ५४ पैसा पाइन्छ ।

बिहीबार कुवेती दिनार एकको खरिदमा ४३० रूपैयाँ ५० पैसा र बिक्रीमा ४३२ रूपैयाँ ४४ पैसा पाइन्छ। त्यसैगरी बिहीबार बहराइन दिनार एकको खरिददर ३५२ रूपैयाँ ०८ पैसा र बिक्रीदर ३५३ रूपैयाँ ६७ पैसा तोकिएको छ ।

# नेपाल लाइफ इन्सुरेन्सले गर्यो भुकम्प प्रभावितलाई राहत सामाग्री सहयोग

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल लाइफ इन्सुरेन्सले जाजरकोट र रूकुम पश्चिमका भुकम्प प्रभावितलाई दश लाख रूपैयाँ बराबरको राहत सामग्री सहयोग गरेको छ। न्यानो कपडाको अभावमा कष्टकर जिवनयापन गरिरहेका भुकम्प पिडितलाई कम्पनीले सामाजिक उतरदायित्व कार्यक्रम अन्तर्गत राहत सहयोग गरेको हो ।

कम्पनीका कर्णाली प्रदेश प्रमुख अन्नत अधिकारीले नलगाड नगरपालिका, जाजरकोटका नगर प्रमुख डम्बर बहादुर रावतलाई २०० थान, भेरी नगरपालिकाका नगर प्रमुख दल बहादुर धर्तिलाई २०० थान कम्बल हस्तान्तरण गरेका छन् ।

त्यस्तै, आठबिसकोट नगरपालिका रुकुम पश्चिम अन्तर्गत वडा-१४ का अध्यक्ष हुकुम बहादुर पुनलाई ३०० थान गरि कुल ७०० कम्बल हस्तान्तरण गरिएको कम्पनीले जनाएको छ ।

## ग्रामीण भेगमा ऋणको समस्या

# मिटरब्याजमा मुछिने डरले ऋण दिन छाडे साहुले

**टुडे समाचारदाता**

जनकपुरधाम । मिटरब्याजमा संलग्न साहुहरुलाई कानुनी कारबाहीको दायरामा ल्याएपछि ऋणीले राहत महसुस गरे पनि मिटरब्याजविरुद्धको कारबाहीले ऋण नपाउँदा ग्रामीण क्षेत्रका कतिपय न्यून आयस्तर भएकाहरु समस्यामा परेका छन् ।

ऋण नपाउँदा चाडपर्व, विवाह, व्रतवन्ध, औषधि उपचार, पढाइ लेखाइका अतिरिक्त वैदेशिक रोजगारीमा जान समस्या भएको महोत्तरी जिल्लाका बलवा नगरपालिकाका विजय यादव बताउँछन् ।

यादवले भने,-'मिटरब्याज पीडितलाई न्याय दिलाउनु सरकारको काम राम्रो हो तर त्यसको साइड इफेक्ट गाउँघरमा देखिन थालेका छन्, अब त गाउँघरमा गरिब तथा असहायले पैँचो-सापटी पनि पाउन सकस हुन थालेको छ ।' कम आयस्रोत भएकालाई बैंकले पनि पत्याउँदैन, बैंकले ऋण दिँदैन, मिटर ब्याजीलाई सरकारले कडाइ गरेको कारण गाउँघरका साहु महाजनहरु ऋण दिन डराउन थालेको उनको भनाइ छ ।

धनुषाका बटेश्वर गाउँपालिकाका दिनेश साहले भने,-'हामी दैनिक ज्याला मजदुरी गर्छौं, आयस्रोत राम्रो छैन, मोटो रकम खर्च गर्नुपर्यो भने साहु महाजनसँग लिने र विस्तारै तिरेर चुक्ता गर्ने गरेका थियौँ तर अहिले ऋण दिनै छाडेका छन्, यसले हामीलाई निकै गाह्रो बनाएको छ ।' दशैं, तिहार, छठजस्ता ठूला पर्वमा गरिब तथा विपन्नहरुले साहु महाजनसँग ऋण वा सापटी नलिइ सुखै हुँदैन । तर अहिले त गाउँमा ५/१० हजार रुपैयाँ सापटी दिन पनि महाजनहरु डराउने गरेको साहको भनाइ छ । 'छठ मनाउनका लागि रकमको जोहोमा लागेको छु, तर अहिलेसम्म पाएको छैन,' उनले भने,-'पहिला जो जोसँग लिएको थिएँ, ऊसँग माग्दा अहिले पैसा लिन्छौ तर पछि मिटरब्याजी भनेर फसाइदिन्छौ भन्दै पैसा दिन डराएका छन् ।'

सप्तरी राजगढ गाउँपालिकाका विजय मण्डलले ऋण नपाएर विदेश उड्न पाएका छैनन् । उनले धेरै ठाउँमा ऋणका लागि प्रयास गरे तर कसैले पनि दिन नमानेपछि वैदेशिक रोजगारीमा जान पाएका छैनन् । मण्डलका अनुसार ऋण-सापटी नपाएका कारण कतिपयले चाडपर्व पनि राम्रोसँग मनाउन सकेका छैनन्, गरिबलाई बैंक तथा सहकारीले पत्याउँदैनन्, पत्याए पनि त्यसको प्रक्रिया नै यति झन्झटिलो छ कि त्यसमा कोही जान चाहँदैनन् । 'कतिपयको नागरिकता नै छैन, नागरिकता नभएका कारण बैंकले ऋण दिँदैन,' उनले भने, 'मिटरब्याजीलाई नियन्त्रण गरेर समाजका



एउटा तप्कालाई फाइदा भएको छ भने अर्को तप्कालाई घाटा भइरहेको छ ।'

धनुषा हँसपुर नगरपालिकाका विनोद कामतलाई आफ्नो बुबाको श्राद्ध गर्न पनि समस्या भएको थियो । गाउँभरि ऋण खोजे पनि उनलाई कसैले दिन मानेनन् । सोही ठाउँका बासिन्दा अशोक साहले भने, 'विनोद कामतमात्र होइन, यो गाउँमा सयौँ युवाले पासपोर्ट बनाएर राखेका छन् तर ऋण नपाएका कारण वैदेशिक रोजगारीमा जान सकेका छैनन् ।' यस्तो समस्या मिटरब्याजविरुद्धको आन्दोलन अघि थिएन । अहिले साहु महाजनले बहाना बनाउन थालेको साहले बताए ।

कम आयस्रोत भएका व्यक्तिले पैसा नहुँदा उपचारमा समेत कठिनाइ झेल्नु परेको उनले सुनाए । उनले भने, 'पहिला यस्तो हुँदैनथ्यो, पछि फिर्ता गरिदिन्छु भन्दै जसले पनि ऋण वा सापटी दिएर सहयोग गर्थे तर अहिले एउटै डर छ, ऋण लिएपछि फिर्ता दिँदैनन् । त्यसैले सर्वसाधारणलाई सापटी अथवा ऋण पाउन गाह्रो भएको छ ।'

# छठ पर्वको तयारी अन्तिम चरणमा

शुद्धता र आपसी सद्भावका रूपमा प्रचलित छठ पर्व तराई भेगका साथै देशका विभिन्न स्थानमा हर्षोल्लासपूर्वक मनाउने तयारी अन्तिम चरणमा पुगेको छ । अहिले नदी, पोखरी, तलाउमा घाट निर्माण तथा शृंगारको काम धमाधम हुँदैछ ।

**टुडे समाचारदाता**

जनकपुरधाम । शुद्धता र आपसी सद्भावका रूपमा प्रचलित छठ पर्व तराई भेगका साथै देशका विभिन्न स्थानमा हर्षोल्लासपूर्वक मनाउने तयारी अन्तिम चरणमा पुगेको छ । अहिले नदी, पोखरी, तलाउमा घाट निर्माण तथा शृंगारको काम धमाधम हुँदै छ ।

पहिला तराईवासीमा मात्र सीमित रहेको यो पर्व अहिले राजधानी, पहाडी क्षेत्र र अन्यत्र पनि लोकप्रिय हुँदै आएको छ । यसै वास्तवितालाई दृष्टिगत गरी सरकारले छठ पर्वमा अब देशभर नै सार्वजनिक बिदा दिन थालेको छ । छठ निकै कठिन पर्व हो ।

सामाजिक संस्कृतिका अभिन्न अङ्ग मानिएको छठ पर्वमा सत्य, अहिंसाप्रति मानवको रूचि बढाउने र सबै जीवप्रति सहानुभूति राख्न अभिप्रेरित गर्ने विशेषता रहेको छ । सूर्य उपासना परम्पराको मोहक पद्धति मानिएको संसारमा यही नै यस्तो पर्व हो जसमा अस्ताउँदो र उदाउँदो सूर्यको पूजा गरिन्छ ।

वैदिक साहित्यको मुख्य सार सूर्य उपासना नै हो । वेदमा सूर्यलाई ऐश्वर्यका रूपमा र ऋगवेदमा सूर्यलाई नै सबै देवताको स्रोत मानिएको छ । सृष्टिका सबै जीव र वनस्पति सूर्यको तापबाट नै बाँचेका छन् । ऋगवेदमा भनिएको छ, "सूर्य आत्मा जगतस्य स्थुपश्च" अथर्ववेदमा त सूर्यलाई ब्रह्मको साकार रूप नै मानिएको छ । महाभारतमा पनि सूर्यलाई सम्पूर्ण जगत्का प्राणीसित सम्बद्ध भएको उल्लेख गरिएको छ ।

सूर्योपनिषदमा सूर्यलाई ब्रह्मा, विष्णु र रूद्र भनिएको छ । भगवान् श्रीकृष्ण लौकिक लीला समाप्त गरी अन्तमा सूर्यनारायणमा नै विलीन भएको प्रसङ्ग पनि रहेको छ । वेदमा सूर्यलाई चौधवटा नामले सम्बोधन गरिएको छ । सूर्यको महात्म्यबारे यजुर्वेद, सामवेद, शुक्लवेद, गीता, मार्कण्डेय पुराण, सूर्य पुराण र साम्य पुराणआदिमा उल्लेख गरेको पाइन्छ । सूर्यकै उपासनाबाट याज्ञवल्क्यले ज्ञान प्राप्त गरेको आख्यान पनि रहेको छ ।

जनकपुरधाममा सबैभन्दा बढी व्रतालु आउने मुख्य ठाउँका रूपमा गंगासागर, धनुषसागर र अरगजा पोखरी रहेका छन् । नगरको बीच भागमा रहेका यी पोखरीमा प्रत्येक वर्ष ६ हजार देखि १५ हजार व्रतालुले छठ पर्व गर्ने गरेको अनुमान छ ।

छठ पर्वले एक ठाउँमा भेला गराएर साँचो अर्थमा समान व्यक्तित्वको आदर्शसमेत स्थपित गर्दछ । यही आस्था र विश्वासले यहाँका इतिहास वर्णित जलाशयलाई सरसफाइ गरी बेहुली झैँ सिङ्गारिएको छ । आस्थाको महापर्वका रूपमा छठ पर्व वर्षमा दुईपटक मनाउने गरिन्छ । शरद् ऋतुको कार्तिक षष्ठीका दिन र अर्को वसन्त लागेको चैत महिनाको षष्ठीका दिन मनाइने पर्वमा श्रद्धालुमा अन्य पर्वभन्दा भिन्नै उल्लास र आस्था हुन्छ ।

सूर्यको आराधनाबाट सुख, समृद्धि र सन्तान प्राप्ति एवं चर्म रोग निको हुने जनविश्वास छ । यो पर्व मनाउनुको पछाडि धार्मिक मान्यतासँगै वैज्ञानिक र ज्योतिषसम्बन्धी तथ्य पनि त्यतिकै छन् ।

ज्योतिषशास्त्रका आधारमा छठ पर्वको समयमा ब्रम्हाण्डमा सूर्य दक्षिणायनतिर हुने भएकाले कन्या राशि समय पर्ने र यस बेलालाई सूर्यको प्रकाश प्रखर तथा प्रभावशाली र मानवका लागि आल्हादकार िसमेत मानिएको छ । छठ शब्द षष्ठी शब्दको तद्भव रूप हो । षष्ठीका दिन षष्ठीका देवी समेतको पूजा हुने भएकाले यस पर्वको नाम षष्ठी, छठी हुन गएको हो तर अपभ्रंशमा षष्ठी, छठीबाट छठ हुन गएको बुझिन्छ । धर्मग्रन्थमा छठ पर्वको नाम षष्ठी व्रत, सूर्य षष्ठी पर्व, रवि षष्ठी व्रत र छठी पर्व उल्लेख छ ।

सूर्यको पूजा गर्दा षष्ठीका देवी अर्थात् छठमाताको र छठमाताको पूजा गर्दा सूर्यदेवको पूजा हुने गरेको मान्यता पाइन्छ । षष्ठीका देवीलाई अह्लादिका शक्तिका रूपमा गौण पूजा हुने गरेको विश्वास रहेको छ । अस्ताउँदो सूर्यलाई दिइने अर्घ छठमाताको हुन्छ भने उदाउँदो सूर्यलाई दिइने अर्घ सूर्यदेवको हुन्छ भन्ने तर्कसमेत पाइन्छ । षष्ठीका देवीलाई कार्तिकेयको पत्नी मानिन्छ र षष्ठीका देवीलाई प्रकृतिको छैटौँ अंश र देवसेना पनि भनिएको छ ।

सूर्य पुराणमा वर्णित कथाअनुसार कार्तिक शुक्ल षष्ठीका दिन हुने छठ पर्व सर्वप्रथम अत्रि मुनिकी पत्नी सती अनुसुयाले सुख, समृद्धि र आफ्नो दाम्पत्य प्रेमको निष्ठाका लागि गरेकी थिइन् । सोही समयदेखि यस पर्वको थालनी भएको मानिन्छ ।

त्यस्तै द्वापर युगको महाभारतकालमा पाण्डव अज्ञात बासमा हुँदा द्रौपदीले आफूहरूको अज्ञात बास सफल होस् भनी कामनाका साथ सूर्यदेवलाई आराधना गरेको महाभारतमा उल्लेख छ । ऋग्वेदमा 'अदित्यो वै तेज ओजो बलं यशश्चक्षः श्रोय आत्मामनः' उल्लेख छ , जसको अभिप्राय आदित्यमण्डलको अन्तःस्थित सूर्यदेव अधिक प्रेरक, अन्तर्यामी परमात्मा स्वरूप छ तथा सूर्य नै बल, यश, चक्षु, स्रोत, आत्मा र मन हो ।

सरापबाट पीडित प्रसिद्ध कवि मयूर भट्टले सूर्यको उपासनाबाट सुन्दर कञ्चन शरीर पुनः प्राप्त गरेकाले नै त्यहीँदेखि सूर्यको आराधना शुरु भएको मत पनि पाइन्छ । यस पर्वको विधि चतुर्थीदेखि नै शुरु हुन्छ । चतुर्थीका दिन व्रतालुले शुद्ध शाकाहारी भोजन गर्ने गर्छन्, जसलाई अरबा अरबाइन र नहाय- खाय अर्थात् नुहाएर खानु भनिन्छ ।

पञ्चमीका दिन गोबरले घर-आँगन लिपपोत गरी पवित्र भई दिनभरि उपवास बसेर साँझपख शुद्ध दूधमा खीर पकाई, केरा, मिष्ठान्न, फलफूल इत्यादि प्रसाद चन्द्रमालाई अर्पण गरी व्रतालुले आफू पनि ग्रहण गर्ने गर्दछन्, यसलाई खरना भनिन्छ । षष्ठीका दिन गहुँको पीठो र चामलको पीठोबाट क्रमशः ठकुवा र भुसवा पकाइन्छ र बेलुकी सूर्यास्त हुनुभन्दा अगावै पवित्र जलाशय भएको स्थानमा गई पूजा गरिन्छ ।



## आज 'नहाय खाय'

चार दिनसम्म मनाउने छठको पहिलो दिन आज (शुक्रबार) 'नहाय-खाय' विधि गरिदैंछ। जनकपुरधामसहित तराई मधेसमा छठका व्रतालुहरु आजका दिन नुहाएर 'अरबा अरबाईन' खान्छन् ।

# छठ पर्वको गीति एलबम सार्वजनिक

**टुडे समाचारदाता**

जनकपुरधाम । कवना घाटे अवना जवना गीति छठ पर्वको एलबम सार्वजनिक भएको छ । उमालाल यादवको शब्द र रवि राज साहको स्वर र संगीतमा छठ पर्वको गीति एलबम सार्वजनिक भएको छ ।

एसएमजी म्युजिक कम्पनीबाट निकालिएको सो गीति एलबममा मिथिला क्षेत्रका कलाकारहरु सहभागी छन् ।

अनिता यादव, रविराज साह, आश्विनी साह, सद्दाम हुसेन, जयन्ती यादव लगायतका कलाकारहरु सहभागी रहेको सो एलबमलाई श्रोताहरुले अधिक रुचाउने विश्वास गरिएको छ ।

यस भन्दा पहिला रविको एलबमहरुलाई श्रोताले धेरै नै रुचाएका कारण यस एलबमलाई पनि रुचाउने विश्वास छ ।



# आजबाट रेलको नयाँ समय तालिका

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल रेल आजबाट नयाँ समयतालिका अनुसार सञ्चालन हुने भएको छ ।

भारतको जयनगरबाट जनकपुरधामसम्म र जनकपुरधामबाट बिजलपुरासम्म सञ्चालन भइरहेको नेपाल रेल सेवा आजबाट समयतालिकामा परिवर्तन गरी सञ्चालन हुने नेपाल रेल्वे कम्पनी लिमिटेडका महाप्रबन्धक निरञ्जनकुमार झाले जानकारी दिएका छन् ।

मंसिरदेखि चिसो बढ्ने र दिउँसोको समय छोटो हुने हुँदा यात्रुको सुविधालाई ध्यानमा राखी समयतालिकामा परिवर्तन गरिएको उनले बताए । दैनिक आउजाउ गरी छपटक सञ्चालन भइरहेको रेल भङ्गाहा (बिजलपुरा)-जयनगर खण्डमा पूर्ववत दैनिक एक सेवा सञ्चालन हुनेछ ।

जनकपुरधाम-जयनगर खण्डमा दैनिक तीन सेवा सञ्चालन यथावत रहेको छ । महाप्रबन्धक झाले भने, "चिसो मौसमका कारण यात्रुको सुविधा र स्वास्थ्यलाई मध्यनजर गरी समय मात्र परिवर्तन गरिएको छ ।" परिवर्तन गरिएको नयाँ तालिकाअनुसार रेल सेवाको पहिलो ट्रिप रेल भङ्गहाबाट (बिजलपुरा) बिहान ७:३० प्रस्थान र जयनगर ९:१५ पुग्ने र अन्तिम जयनगरबाट दिउँसो ४:१५ बाट चल्ने रेल साँझ ७:१५ बजे भङ्गहा आइपुगेर रात्रि विश्राम बस्ने छ ।

त्यस्तै जयनगरबाट बिहान १० बजे प्रस्थान गर्ने रेल जनकपुरधाम ११:१५ बजे पुग्ने र सोही रेल जनकपुरधामबाट बिहान ११:४५ बजे चल्ने रेल जयनगर दिउँसो १:१५ बजे पुग्ने जनाइएको छ । यसैगरी फेरि जयनगरबाट दिउँसो १:४५ बाट चल्ने रेल जनकपुरधाम दिउँसो ३:१० बजे आइपुग्ने र सोही रेल पुनः जनकपुरधामबाट दिउँसो ३:१५ बजे सञ्चालन भइ दिउँसो ४:४० बजे जयनगर पुग्ने छ ।

दिउँसो ४:४५ बजे जयनगरबाट बिजलपुराका लागि अन्तिम रेल सेवा सञ्चालन हुनेछ भने साँझ ७:१५ बजे भङ्गहा (विजलपुरा) पुगेर रात्रि विश्राम बस्ने छ ।



# जनकपुरधाममाथि विमर्श

**टुडे समाचारदाता**

जनकपुरधाम । २५ वर्ष पछिको जनकपुरधामको सन्दर्भमा शुक्रबार विमर्ष हुनलागेको छ । सो सम्बन्धमा मधेश मानस संस्थाले जनकपुरधाममा शुक्रवार एक दिवसीय अन्तक्रिया कार्यक्रम गर्न लागेको छ ।

गंगासागर पोखरी डिलमा हुने कार्यक्रममा २५ वर्ष पछिको जनकपुरधाम, मधेश राजनीतिमा देखिएको निराशा भित्रको आशा र छठको सामाजिक तथा सांस्कृतिक महत्व माथि अन्तरक्रिया हुन लागेको छ ।

कार्यक्रममा जनकपुरधामका मेयर मनोज साह, उपमेयर किशोरी साहसहित मधेश प्रदेश सरकारका मन्त्री सुरिता साह र प्रदेश पूर्व नीति आयोगका प्रमुख डा भोगेन्द्र झा वक्ताका रुपमा रहेका छन् ।




त्यसैगरि मधेश राजनीति भित्रको निराशा भित्रको आशा शीर्षकमा मधेश प्रदेशका पूर्वमन्त्री ज्ञानेन्द्र यादवसहित नेतृ विभा ठाकुर, राजनीतिक विश्लेषक राकेश मिश्र र मास नामक संस्थाका संयोजक सरोज मिश्र वक्ताको रुपमा रहेका छन् ।

यस्तै छठको सामाजिक तथा सांस्कृतिक महत्व बारेको शीर्षकमा लेखक तथा विचारक सिके लालले प्रवचन दिने कार्यक्रम रहेको आयोजक संस्थाले जनाएको छ ।

# साधारण सभा सम्पन्न

**टुडे समाचारदाता**

बारा । मानव अधिकार तथा शान्ति समाज बाराको २० औं साधारण सभा सम्पन्न भएको छ ।

कार्यक्रममा केन्द्रीय सभापति रामकृष्ण बरालले मानव अधिकार, शान्ति, अहिंसा र लोकतन्त्रका लागि वकालत गर्ने संस्था शान्ति समाज भएको भन्दै मानवको रक्षाका लागि वकालत गर्ने गरिएको बताए ।

हिंसाले मावन अस्तित्व नै समाप्त पार्ने हुँदा कुनै पनि हिंसा जायज छैन । विश्वमा मानव अस्तित्व समाप्त पार्ने गरी भइरहेको आणविक हतियारमाथि प्रतिबन्ध लगाउनुपर्ने उनको भनाइ थियो । यस्ता खालका युद्ध, अपराध तत्काल नियन्त्रण गर्न दबाब दिने उद्देश्यले शान्ति समाजले विभिन्न शक्तिराष्ट्रका दूतावास अगाडि बारम्बार धर्ना तथा विरोध प्रर्दशनहरु गर्दै आइरहेको छ, उनले भने । "चुरे ध्वस्त पार्न पाइँदैन, मरुभूमिकरण गर्ने नीति चाहिँदैन" भन्ने मूल नाराको साथ साधारण सभा सम्पन्न भएको छ ।

कार्यक्रममा बारा शाखाका तर्फबाट केन्द्रीय समिति सभापति बराल तथा पूर्व केन्द्रीय सभापति पुडासैनीलाई एकसय थान निम, साल, गुलमोहर लगायत विभिन्न प्रजातीका विरुवा हस्तान्तरण गरिएको थियो ।





## कर्मचारी आवश्यकता

कृष्णा मेडिकल एण्ड टेक्निकल रिसर्च सेन्टर (अस्पताल), जनकपुरधामको लागि निम्न बमोजिमको कर्मचारीहरु आवश्यक भएकोले इच्छुक तथा योग्य व्यक्तिहरुले ७ (सात) दिन भित्र आफ्नो शैक्षिक योग्यता तथा बायोडाटा सहित सम्पर्क गर्नुहुन जानकारी गराईन्छ ।



| सि.नं. | पद | संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|
| १ | एकाउण्टेण्ट | १ | बी.बी.एस उर्त्तिण र २ वर्षको अनुभव भएको |
| २ | आइ. टी. हेड | १ | आई.टी. सम्बन्धी ज्ञान भएको तथा डिजिटल मार्केटिङ्ग सम्बन्धी अनुभव भएको |
| ३ | स्टाफ नर्स | ४ | Bsc Nuring/PBN/PCL र २ वर्षको अनुभव भएको |
| ४ | ओ.टी. एसिसटेण्ट | ४ | ओ.टी सम्बन्धी २ वर्षको अनुभव भएको |

सम्पर्क नं. ०४१-५९१०९२, ९८१४०२९७६९

## भूकम्पको जोखिमबाट सुरक्षित बनौं ।

- भूकम्प जाँदा कमजोर संरचनाका कारण बढी जनधनको क्षति हुने गर्दछ ।
- घर तथा अन्य संरचना निर्माण गर्दा भूकम्प प्रतिरोधी तथा बलियो बनाऔं ।
- प्राविधिकको सल्लाह लिएर मात्र सुरक्षित घर बनाऔं र पुरानो भए मर्मत सम्भार गरौं ।
- भूकम्पबाट सुरक्षित रहन आवश्यक पूर्वतयारी गरौं ।
- भूकम्प जाँदा आत्तिएर जथाभावी दौडने र भाग्ने नगरौं ।
- धैर्यतापूर्वक घर/भवन बाहिर खुला तथा सुरक्षित स्थानमा जाऔं ।
- भूकम्पमा अफ्ठयारो परेकालाई सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८